म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २७४ बुधबार २ जेठ २०८१ ने. सं. ११४४ बछलाथ्व 15 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**तातो हावा "लु" बाट जोगिने उपाय**

- सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चिसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरा सेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बागमतीको बजेट प्राथमिकतामा भौतिक पूर्वाधार, खर्चको प्रभावकारिता चुनौती

साझाकुरा संवाददाता

हेटौंडा, १ जेठ/बागमती प्रदेशसभा बैठकमा मंगलबार विनियोजन विधेयक, २०८१ को सिद्धान्त र प्राथमिकता प्रस्तुत गरिएको छ । आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले बजेटको सिद्धान्त र प्राथमिकता पेश गरेका हुन् ।

थपलियाद्वारा प्रस्तुत सिद्धान्त र प्राथमिकताकै आधारमा अब बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माण हुनेछ । १४ जेठमा नीति तथा कार्यक्रम ल्याउने तयारी गरेको प्रदेश सरकारले १ असारमा नयाँ बजेट प्रस्तुत गर्नेछ । आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट गुणस्तरीय सार्वजनिक सेवाप्रवाह तथा सुशासन प्रवर्द्धन, पूर्वाधार निर्माण र सामाजिक विकासका क्षेत्रमा केन्द्रित हुने मन्त्री थपलियाले बताए ।

संघीय पन्धौं, सोह्रौं योजनाको अवधारणापत्र, बागमतीको प्रथम आवधिक योजनामा भएका नीति तथा संघीय सरकारले विकासशील राष्ट्रमा स्तरोन्नतिका लागि लिनुपर्ने रणनीति, हासिल गर्नुपर्ने दिगो विकासका लक्ष्यहरुलाई बजेट आधारको रुपमा लिएको मन्त्री थपलियाले जनाए । प्रदेशले भौतिक पूर्वाधारलाई बजेटको प्रमुख प्राथमिकतामा राखेको छ । वस्तुगत आवश्यकता र भौगोलिक सन्तुलनका आधारमा प्रदेशभित्रका पूर्वाधारको विकास गरिने थपलियाले बताए ।

प्रदेश गौरवका आयोजना, बहुवर्षीय आयोजना र अधुरा आयोजना निर्धारित समयमा सम्पन्न गर्न आवश्यक प्रवन्ध मिलाइने उनले बताए । प्रदेश सडक गुरुयोजना स्वीकृत गरी सडक तथा पुल निर्माण, प्रदेश लोकमार्गको स्तरोन्नति र निर्मित भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार गर्ने, स्थानीय तहका केन्द्र एवम् प्रदेशभित्रका उदीयमान सहरलाई व्यवस्थित गर्न स्थानीय तहसँग सहकार्य तथा समन्वय गरिने उनले बताए ।



स्थानीय जनताले प्रत्यक्ष लाभ प्राप्त गर्ने, उत्पादन प्रवर्द्धन हुने, रोजगारी र स्वरोजगारीका अवसरहरु सिर्जना हुने गरी भौतिक पूर्वाधार विकास र स्थानीय आर्थिक क्रियाकलापबीच अन्तरआबद्धता कायम गरिने विनियोजन विधेयकमा उल्लेख छ । प्रदेश सरकारका भौतिक संरचनाको निर्माणमा प्राथमिकता दिइने जनाइएको छ । प्रदेश सरकारले बजेटको प्राथमिकतामा पूर्वाधार, सामाजिक क्षेत्र, कृषि, पर्यटनलाई राखेको छ ।

बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता सम्बन्धमा कर प्रस्ताव बाहेक सभामा छलफल गरियोस् भन्ने प्रस्ताव स्वीकृत भएको छ । सभामुख भुवनकुमार पाठकले प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता सम्बन्धमा कर प्रस्ताव बाहेक सभामा छलफल गरियोस् भन्ने प्रस्ताव स्वीकृत भएको घोषणा गरेका हुन् । प्रस्तावमाथि जेठ ६ गते बुधबार छलफल हुने सभामुख पाठकले बताए ।

**सरकारले देखेको चुनौती**

मन्त्री थपलियाले बजेट माथिको चुनौतीलाई पनि उल्लेख गरे । उनले सार्वजनिक खर्चको प्रभावकारिता बढाउनु चुनौतीपूर्ण रहेको बताए । सार्वजनिक खर्चबाट अपेक्षितरुपमा पुँजी निर्माण र रोजगारी सिर्जना गर्न पनि चुनौती रहेको थपलियाले बजेटको सिद्धान्त र प्राथमिकतामा उल्लेख गरेका छन् ।

प्रदेश सरकारको सृजित दायित्व भुक्तानी तथा स्रोत सुनिश्चितता भएका आयोजनामा आवश्यक बजेट प्रस्ताव नहुनु लगायतका कारणले आयोजना तोकिएको समयमा सम्पन हुन नसक्ने अवस्था रहेको थपलियाले बताए । प्रदेशको आर्थिक, सामाजिक विकासको गतिलाई अगाडि बढाउन संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गर्नुपर्ने उनको भनाई रहेको छ ।

वित्तीय संघीयतालाई थप प्रभावकारी बनाउन राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणलाई व्यवस्थित गरी खर्च लेखाङ्कनलाई सरल र सहज बनाउन समन्वय गरिने, तहगत समन्वय र सहकार्यमा आयोजना व्यवस्थापन गरिने मन्त्री थपलियाले जनाए । वित्तीय साधनको मितव्ययी प्रयोग गरिने, मितव्ययीता कायम हुने गरी चालु खर्च विनियोजन गरिने, दोहोरो कार्यक्षेत्र भएका संरचनाहरु खारेज गरिने, औचित्य स्थापित नहुने दरबन्दीहरु आवश्यकता अनुसार व्यवस्थापन गरिने उल्लेख छ ।

प्रदेशको क्षेत्रगत तथा भौगोलिक सन्तुलनसहितको विकासबाट आर्थिक/सामाजिक विभेद र पछौटेपनको अन्त्य गर्दै प्रदेशवासीको जीवनस्तर सुधार गर्नु अपरिहार्य रहेको थपलियाको भनाई छ । यसका लागि प्रदेशभित्र उपलब्ध सीमित स्रोत र साधनलाई नागरिकका अपेक्षा र प्राथमिकताका आधारमा कुशलतापूर्वक उपयोग गर्नुपर्ने अवस्था रहेको उनले बताएका छन् ।

**राजश्वको दायरा बढाइने**

राष्ट्रिय अर्थतन्त्रमा देखिएको शिथिलताको प्रभाव प्रदेशको आर्थिक अवस्थामा समेत परेको आर्थिक मामिला मन्त्री थपलियाले बताए । प्रदेश सरकारको आयको अधिकांश हिस्सा राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणमा मात्र निर्भर रहेको उनले जनाएका छन् ।

राजस्व संकलनका सम्भावना भएका क्षेत्रहरुको पहिचान, राजस्वका दर समयानुकूल परिमार्जन र राजस्वको दायरा विस्तार गर्दै दिगो आन्तरिक आयमा वृद्धि गर्नुपर्ने जनाइएको छ । नीतिगत र संरचनागत सुधारमार्फत् करका दायरा विस्तार, राजस्व चुहावट नियन्त्रण र सम्भाव्य स्रोतको खोजी गरी प्रदेशको आन्तरिक आय वृद्धि गरिने उल्लेख ।

## गफमै सीमित हेटौंडा कपडा उद्योग चलाउने योजना

साझाकुरा संवाददाता

हेटौंडा, १ जेठ/'जुन जोगी आएपनि कानै चिरिएका' भन्ने नेपाली उखान हेटौंडा कपडा उद्यागसँग मिल्दो छ । सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ मा कपडा उद्योग चलाउने नीतिलाई फेरि पनि दोहोऱ्याएको छ ।

सरकारको आगामी आवको नीति तथा कार्यक्रम मंगलबार संसदको संयुक्त बैठकमा पेस गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले बन्द उद्योग चलाइने बताएका हुन् । बन्द उद्योग कलकारखाना व्यवस्थापन गर्न निजी लगानी आकर्षित गरिने राष्ट्रपति पौडेलले बताएका छन् । निजीक्षेत्र प्रतिस्पर्धी भएका गोरखकाली रबर उद्योग, बुटवल धागो कारखाना र हेटौंडा कपडा उद्योगलाई सम्भाव्यताका आधारमा सार्वजनिक निजी साझेदारी वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन र सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

हरेकपटक सरकार परिवर्तन भएसँगै वा हरेक वर्षको नीति तथा कार्यक्रममा कपडा उद्योग चलाउने घोषणा गरिएकै छ । तर, आवश्यकता भन्दा बढी चर्चा भइरहेको भएपनि हालसम्म ठोस काम भएको छैन । डा.बाबुराम भट्टराई नेतृत्वको सरकारले उद्योग संचालन गर्न ८ करोड रुपैयाँ छुट्याएको थियो । ७ करोड रुपैयाँ खर्चेर मेसिन मर्मत गरी उत्पादनको परीक्षण भएपनि आवश्यकताअनुसार कपास उपलब्ध नभएको भन्दै उद्योग संचालनमा आउन सकेन ।

२०६६ कात्तिकमा उद्योगलाई दोस्रोपटक लिक्विडेसनमा लैजाने प्रक्रिया अगाडि बढाइएको थियो । २०६९ माघ १२ को मन्त्रिपरिषद् बैठकले उद्योगको सम्पत्ति सेयर लगानीकारुपमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा गाभ्ने निर्णय गरेको थियो । हेटौंडा औद्योगिक क्षेत्रभित्र २३६ रोपनी जग्गामा कपडा उद्योग र २५६ रोपनी जग्गामा आवास रहेको छ ।

उद्योगमा हाल सशस्त्र प्रहरी बलको गण नम्बर १४ को कार्यालय छ । त्यहाँ ३०० भन्दा बढी सुरक्षाकर्मी बसिरहेका छन् । उद्योगको आवासीय क्षेत्रको जग्गामा भने नयाँ औद्योगिक क्षेत्र स्थापना सुरु गरिएको छ । यो क्षेत्रमा नयाँ ५० उद्योग स्थापना गर्न सकिने गरी सबै जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले उद्योग स्थापनाका लागि उद्योगीलाई दिएको छ । कुल ३ हजार ११९ रोपनी क्षेत्रफलमा हेटौंडा औद्योगिक क्षेत्र फैलिएकोमा हाल ११० वटा उद्योग संचालनमा छन् ।

सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा पनि बन्द रहेका उद्योगहरु पुन: सञ्चालन गर्ने व्यवस्था गरिने घोषणा भएको थियो । वि.सं. २०३२ सालमा चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा स्थापना भएको हेटौंडा कपडा उद्योग वि.सं. २०५६ सालदेखि उत्पादन बन्द भएपछि २०५९ सालमा तात्कालीन शाही सरकारले उद्योग बन्द गर्ने निर्णय गरेको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## बृद्धाश्रमलाई युवा संघको सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १ जेठ/राष्ट्रिय युवा संघ नेपालको ३५ औं स्थापना दिवसको अवसरमा बृद्धाश्रमलाई सहयोग गरिएको छ । युवा संघ हेटौंडा उपमहानगर कमिटीको आयोजनामा हेटौंडा-२ स्थित ओम बृद्धाश्रममा आश्रित बृद्धबृद्धालाई फलफूल तथा खाद्यान्न वितरण भएको हो ।

संघले आश्रममा दाल, चामल, नुन तेललगायत खाद्यान्न र फलफूल उपलब्ध गराएको नगर अध्यक्ष अनिल काफ्लेले जानकारी दिए । युवाको अग्रणी संस्था युवा संघको स्थापनाको अवसरमा परोपकारको भावना सहित खाद्यान्न तथा फलफूल सहयोग गरेर बृद्धाश्रमलाई राहत पुऱ्याउनुको साथै समाजमा सकारात्मक सन्देश प्रवाह गर्न खोजिएको उनले बताए ।

सहयोग हस्तान्तरण कार्यक्रममा संघका बागमती प्रदेश कोषाध्यक्ष नरेन्द्र भण्डारी, जिल्ला संयोजक राजेश नगरकोटीलगायतको उपस्थिति रहेको थियो ।

## ४३ दिनदेखि मन्त्रालयविहीन मन्त्री आले

साझाकुरा संवाददाता

हेटौंडा, १ जेठ/१२ मन्त्रालय र १३ मन्त्री रहेको बागमती प्रदेशमा एकीकृत समाजवादीकी नेतृ रमा आलेमगर ४३ दिनदेखि बिनाविभागीय मन्त्री छिन् । माओवादीले मुख्यमन्त्रीसहित चार मन्त्रालय, एमालेले पाँच मन्त्रालय, एकीकृत समाजवादीले दुई र हाम्रो नेपाली पार्टीले एक मन्त्रालय सम्हालिरहेका छन् ।

मगरले मन्त्रालयको जिम्मेवारी दिन मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई दबाब बढाउँदै आएकी छन् । बागमती प्रदेशका अरु १२ वटा मन्त्रालयमा मन्त्रीलाई नीति तथा कार्यक्रम बनाउन र बजेट बनाउका लागि भ्याइनभ्याइ छ । मन्त्रालयमा बजेट माग्नेहरुको निकै लर्को लागेको छ । मन्त्रीहरु सबैजसो काम छोडेर बजेट बनाउनतिर लागेका छन् । तर, बिनाविभागीय मन्त्री आलेमगर भने हाइसन्चोमा छिन् ।

अझै पनि मुख्यमन्त्री जम्मकट्टेलले मन्त्रालय कहिले दिने भन्नेमा कुनै ठोस निर्णय हुन नसकेको नेताहरुले बताएका छन् । मुख्यमन्त्री जम्कट्टेलले १९ चैतमा विश्वासको मत लिनुअघि एकीकृत समाजवादीलाई सहमतिमा ल्याउन मगरलाई मन्त्री नियुक्त गरेका थिए । ११० सदस्यीय बागमती प्रदेशसभामा बहुमत पुऱ्याउन ५६ सांसदको समर्थन आवश्यक पर्छ । विश्वासको मत दिन प्रदेशसभा बैठकमै नआएकी मगरलाई मन्त्री नियुक्त गरेर उनले फकाएका थिए ।

२० चैतमा मुख्यमन्त्री जम्कट्टेल, एमाले संसदीय दलका नेता तथा आर्थिक मामिलामन्त्री जगन्नाथ थपलिया, एकीकृत समाजवादी दलका नेता कृष्ण शर्मा खनाल र आलेमगर बीचको सहमतिमा धेरै रकम खर्च गर्ने मध्यको एक मन्त्रालय दिने तयारी थियो ।

Education is the real treasure

**ADMISSIONS OPEN FOR 2081**
**From Nursery to Grade 9**




**Scholarships**
a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on **Entrance Tests** 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on **Students' Talent** 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on **Students' Rank** 39+Seats

**Hurry Up !**
*Seats are limited*
*Book your seat on time*

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

**HETAUDA ACADEMY**
**Residential Secondary School**
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**सम्पर्क कार्यालय:**
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# सडकको बार चोरलाई कारवाही होस्

हेटौंडा काठमाडौं जोड्ने त्रिभूवन राजपथ (बाइरोड) अर्न्तगत सीमभज्ज्याङ-पालुङ सडक खण्डको सडक किनारमा राखिएको फलामे बार चोरी भएको छ । सडकयात्रुको सुरक्षाका लागि राखिएको फलामे बार चोरिएपछि डिभिजन सडक कार्यालयलाई मात्र तनाव भएको छैन । यो सडकमा यात्रा गर्ने सबै यात्रुलाई चिन्ता भएको छ । सडक हाम्रो सार्वजनिक धरोहर हो । यसलाई हामी सबैले संरक्षण र उपयोग गर्नुपर्छ । चोरले यो चोरेर जीवन गुजारा गर्नसक्ने पनि होइन । चोरेर निर्वाह हुनेवाला छैन । सडकको बार चोरी गर्नु भनेको आफ्नो यात्रा असुरक्षित बनाउनु हो । स्थानीय प्रहरी प्रशासनले चोरी गर्ने ब्यक्तिलाई पक्राउ गरी कारबाही गर्नुपर्छ । हाम्रो समाजमा केही गलत मनसाय बोकेका मानिसको पहिचान गर्न हामी सबैले गंभीररुपमा निगरानी र खवरदारी गर्नुपर्छ । प्रहरी प्रशासनलाई सबैले सघाउने हो भने चोरी गर्ने ब्यक्ति उम्कन सक्दैन । स्थानीयले यो विषयमा चिन्तनमनन् गर्नु जरुरी छ ।

सडक डिभिजन कार्यालय हेटौंडाका निमित्त डिभिजनप्रमुख बिष्णुप्रसाद लामिछानेले सीमभज्ज्याङ-पालुङ खण्डको सडक किनारमा राखिएको करिब ४० हजार मूल्य बराबरको फलामे बार चोरी भएको बताएका छन् । ६/७ महिना अघि फलामे बार जडान गर्ने क्रममै चोरी भएको थियो, कार्यसम्पन्न हस्तान्तरण नहुँदा निर्माण कम्पनीले नै ब्यहोर्‍यो, त्यसपछि कार्यालयले सूचना जारी गर्‍यो, चोरी रोकिएको थियो, अहिले फेरि चोरी भएको छ । पछिल्लो समय थोरैथोरै मात्रामा दिनदिनै चोरी भइरहेको छ । स्थानीय तहदेखि प्रहरी प्रशासनलाई पत्राचार गरिसकेको सडक कार्यालयले जनाएको छ । कसले चोर्‍यो, चोरी गर्ने ब्यक्ति पत्ता लागेको छैन । चोरीमा संलग्न ब्यक्तिको खोजीकार्य र फलामे बार सुरक्षाको लागि इलाका प्रहरी कार्यालय पालुङ, थाहा नगरपालिका, जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई पत्राचार गरिएको बताइएको छ । चोरले रातारात गायव गर्न सक्ने अवस्था छैन । प्रहरीले मिहिन रुपमा अनुसन्धान गर्ने हो भने चोर तत्काल पत्ता लाग्छ । यो सानोतिनो बस्तु लुकाए जसरी लुकाउन पनि सकिन्न । यो सडक निर्माण भएको करिब ८० बर्ष भन्दा बढी भयो । विं.सं. २०१० मंसिर २६ गते शुक्रबारका दिन तत्कालीन बडामहारानी कान्तिराज्यलक्ष्मीदेवी शाहले थानकोटमा शिलान्यास गरेकी थिइन् । राजमार्ग निर्माणकार्यले २०१३ सालदेखि तीब्रता पाएको थियो ।

विं.सं.२०१६ सालमा पूर्णरुपमा संचालनमा आएको यो राजपथ नेपालको सबैभन्दा जेठो मानिन्छ । हाम्रो पितापुर्खाले श्रमदान पनि गरेका थिए यो सडकमा । पितापुर्खाको रगत पसिनाको महत्व बुझ्नेले यो चोरी गर्ने सक्दैन । यही सडकमा यात्रा गरेर कतिपय बिरामीको ज्यान कालको मुखबाट फिर्ता भएको थियो । अहिले हेटौंडा-काठमाडौं जोड्ने धेरै सकड निर्माण भएका छन् । तर, ईतिहास बोकेको त्रिभुवन राजपथ हामी सबैको अमूल्य सम्पत्ति हो । राष्ट्रको सम्पत्तिको संरक्षण गर्ने दायित्व हामी सबैको हो । सडक डिभिजन कार्यालय हेटौंडाले सवारी र यात्रुको सडकयात्रालाई सुरक्षित बनाउनका लागि करिब ४ करोड रुपैयाँको लागतमा हेटौंडादेखि पालुङसम्मको सडकको किनारामा फलामे बार राखेको थियो । भारत सरकारको आर्थिक, प्राविधिक सहयोगमा निर्मित त्रिभुवन र ाजपथ भैंसेदोभानदेखि थानकोटसम्म ७२ माइल लम्बाइ रहेको छ । दुरीको हिसाबले हेटौंडा-काठमाडौं जान केही लामो दुरी भएपनि यो सडक १२ महिना सञ्चालनमा रहन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ ३ गते बिहीबार १६ मे २०२४ । अष्ठमी, बैशाख शुक्लपक्ष । बछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१६, सूर्यास्त ६:४५ । पशुपतिनाथमा दमन पुष्पार्पण । मदन-आश्रीत स्मृति दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोरञ्जन प्राप्त हुनेछ | **तुला** | : काम अपुरै रहने देखिन्छ |
| **वृष** | : व्यापारबाट लाभ मिल्नेछ | **वृश्चिक** | : मनमा निरासा उत्पन्न हुनेछ |
| **मिथुन** | : स्वास्थ्योपचारमा खर्च हुनेछ | **धनु** | : समयले साथ दिनेछ |
| **कर्कट** | : मानसिक असन्तुष्टि बढ्नेछ | **मकर** | : जोश जागर आउनेछ |
| **सिंह** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | **कुम्भ** | : समयले साथ दिनेछ |
| **कन्या** | : रमाइलोमा दिन बित्नेछ | **मीन** | : राम्रो समाचार सुन्न पाइनेछ |

# अधुरो विकास र देखावटी शिक्षा



✍ अच्युतप्रसाद पौडेल 'चिन्तन'

नयाँ वर्षारम्भसँगै चावहिलको ७६ वर्ष पुरानो मित्रमण्डली स्कूलको स्थापना दिवसमा पंक्तिकारले पनि भाग लियो र आमन्त्रित पाहुनामा शिक्षाकर्मीभन्दा राजनीतिकर्मी नै बढी देख्यो । नयाँ परिवेशमा शिक्षाको सबै काम स्थानीय तहलाई नै जिम्मा लगाइएको छ । हरेक वर्ष वैशाख लाग्नासाथ सरकार विद्यार्थी भर्ना अभियानमा जुटेको देखिन्छ, वैशाखभरि नै यो अभियान जारी रहन्छ । तर विकासको अभियान जसरी अधुरो छ शिक्षाको अभियान पनि अपूरो नै छ देशमा । पूरा हुने अभियान, केवल चुनाव र सत्तायुद्ध मात्र हो । सरकारले सन् २००४ देखि नै सबैका लागि शिक्षा अभियान चलाएको हो, तर हालसम्म यो मूर्त छैन । देश आर्थिकरुपमा विपन्न छ, गुणस्तरीय शिक्षाको अभाव छ, विद्यार्थीमा समुचित वातावरण छैन र अभिभावहरु नै बेरोजगार छन्, चासो कम छ । शिक्षक-विद्यार्थीको बीच नैतिक शिक्षा र समन्वयको अभाव छ, सीप र स्रोतको व्यवस्थापन राम्ररी भएको छैन, निजी विद्यालयहरु बजारमुखी छन्, महँगा छन्, शहर र सुविधा केन्द्रित पनि ।

**कक्षा १२ को संकेत** :

गतवर्ष कक्षा १२ को नतिजा प्रकाशित भयो, जसमा आधा परीक्षार्थीहरुले ब्याचलर पढ्न पाएनन्, अनुत्तीर्ण भए । यसले सरकारी र अभिभावक दुवैको लगानी खेर गएको देखाएको छ भने समयको बर्बादी पनि । धेरैको अपेक्षा थियो १२ कक्षा उत्तीर्ण भएपछि विदेश जान पासपोर्टको योग्य हुने, त्यो पनि अधुरै रहृयो, जसले पास गरे, रोजगारी पाउने अवस्था छैन यहाँ । विद्यार्थीको अध्ययनको स्तर हेर्दा नेपाली विषयमै कमजोर देखिए । अधिकांशको सामाजिक अध्ययन, अंग्रेजी, लेखा, अर्थशास्त्रमा नम्बर कम आयो । निजी हुन् वा सरकारी शैक्षिक संस्था, अघिल्लो वर्षको तुलनामा केही प्रतिशत बढी विद्यार्थी उत्तीर्ण देखिए पनि आफ्नै भाषा, विषयप्रति कमजोर देखिए ती, परिणाम ५१ प्रतिशत सफल, ४९ प्रतिशत असफलले हाम्रो आधा लगानी त खेरै गएको देखियो । जम्माजम्मी ३ लाख ७२ हजार ६२७ जनामध्ये ग्रेड वृद्धिको संख्या १ लाख ८९ हजार ७११ मात्र भयो । ७९ हजार विद्यार्थी ग्रेड वृद्धिको परीक्षा दिन पाउने भएकाले ती ग्रेडिङमा परे र केही ढिलो गरी उच्च शिक्षामा जान सक्ने भए ।

ग्रेड वृद्धिका लागि न्यूनतम ३५ अंक ल्याउनुपर्ने र २ विषयसम्म ३५ भन्दा कम अंक ल्याउनेले ग्रेड वृद्धिको परीक्षा दिन सक्ने प्रावधान छ । सरसर्ती हेर्दा विगत ३ दशकयताको परि णाम उस्तै छ र २०६४ सालमा त जम्मा ३२ प्रतिशतले मात्र उच्च शिक्षामा जाने अवसर पाएका हुन् । आम भनाइ छ, देशमा विद्यालय शिक्षा र उच्च शिक्षाका बीच तालमेल छैन, समन्वयको अभाव छ । देशमा विकासको रणनीति अनि यसमा आवश्यक जनशक्तिको योजना नै छैन । सरकारी नीतिमा प्रतिबद्धता नै देखिएन । हजारौं संख्यामा विद्यार्थीले जीपीए २.४१ देखि ३.२० मात्र पाएका छन्, यसले सफल विद्यार्थी पनि धेरैले उच्च अंक पाएको देखिएन । १२ कक्षामा पुग्दा अंग्रेजीमै नन् ग्रेडिङको संख्या १ लाख ९ हजार देखिए भने एसईई परीक्षामा गणितमा नन् ग्रेडिङको संख्या सबैभन्दा धेरै रहृयो । कक्षा १२ मा पुग्दा गणित वा सामाजिक शिक्षाको विकल्प रोज्न पाइनेमा सामाजिक शिक्षामा ५१ हजार विद्यार्थी नन् ग्रेडिङमा परे । जबकि यो विषय आफैंले पनि पुस्तक हेरेर पढ्न सकिने थियो । रोजेर पढिएको विषय गणितमै पनि ८ हजार विद्यार्थी नन् ग्रेडिङमा पर्नु वा नेपालीका लागि अनिवार्य नेपालीमै ३८ हजार विद्यार्थी नन् ग्रेडिङमा पर्नु, लेखा विषयमा ५२ हजार विद्यार्थी, अर्थशास्त्रमा ३४ हजार विद्यार्थी र बिजिनेस स्टडिजमा २४ हजार विद्यार्थी नन् ग्रेडिङमा परेको तथ्य उच्च माध्यमिक शिक्षा परिषद्बाट बाहिर आउनुले हाम्रो शिक्षाको स्तर कस्तो छ, स्पष्ट हुन्छ । यसमा विद्यार्थी, शिक्षक, अभिभावक वा राज्य कसको दोष बढी छ, किन विश्लेषण गरिँदैन र पाठ्यक्रम वा अरु परिवेशको आँकलन किन हुन्न देशमा ? अंग्रेजी, विज्ञान, गणितमा विद्यार्थीहरु बढी किन असफल भएका ? त्यो पनि आकलझुकल होइन, नियमित ।

**एसईईकै कुरो** :

वि.सं. १९९० देखि देशमा एसएलसी परीक्षा शुरु भयो । अब एसईईमा परिणत भएको छ, विद्यार्थीहरु नैतिक, इमानदार, अनुशासित उत्पादन गर्न सकिएको छैन । हाम्रो शिक्षा सीपमूलक भएन, रोजगारी पाउन नसक्ने शिक्षाप्रति आममानिसको चासो छैन र प्लस टु सकिनासाथ खाडीमै भेटौंला भनिदै छ । २८ सालमा लागू गरिएको ऐनलाई जसोतसो कार्यान्वयन गरिँदै छ । शिक्षा ऐन आठौं संशोधन २०७३ ले कक्षा १० को एसईई र कक्षा १२ को परीक्षाको जिम्मा राष्ट्रिय परीक्षा बोर्डलाई दिएको छ ।

साबिकको एसएलसी अब एसईईमा परिणत भएको छ र कक्षा १२ उत्तीर्ण नभएसम्म कलेज वा विश्वविद्यालयका ढोका बन्द नै रहेका छन् । संविधानको धारा ३१ ले प्रत्येक नागरिकले आधारभूत शिक्षा नि:शुल्क र अनिवार्यरुपमा पाउने गफ दिएको छ । र, माध्यमिक शिक्षासम्म नि:शुल्क नै भनेको छ । तर यो व्यवहारमा लागू छैन । अभिभावकहरुले आफ्नो सबै आम्दानीबाट पनि सन्तानको शैक्षिक खर्च धान्न नसकेको व्यापक गुनासो छ । संविधानको अनुसूची ८ ले शिक्षालाई स्थानीय तहको क्षेत्राधिकारमा राखेको छ र पालिकाका पदाधिकारीहरुलाई विद्यालयहरुमा गएर माला लगाउनै भ्याइ-नभ्याइ भएको छ । गुणस्तरको जनशक्ति छैन र राम्रो अनुगमन भएको छैन, अनि नानाथरीका शुल्कहरुले अभिभावक चिन्तित छन् । अभिभावकको आयआर्जन नहुँदा विद्यार्थीको विद्यालय ड्रप आउट संख्या बढ्दै छ । कक्षा ९ देखि १२ सम्मका विद्यार्थीले स्कूल छोड्ने क्रम ४३ प्रतिशत रहेको एक अध्ययनले देखाएको छ भने उच्च शिक्षामा भर्नापछि ड्रप आउट संख्या २० प्रतिशत देखिएको छ । वार्षिक सवा लाख विद्यार्थी बाहिर पोखिएको स्वयं त्यस क्षेत्रमा काम गर्नेहरुको भनाइ छ । महिनाकै १० अर्ब रकम विदेश जाने गरेको तथ्यांक छ ।

यही चैत्र १५ देखि ०८० को एसईई परीक्षा शुरु भयो, जसमा २ हजार ६४ परीक्षा केन्द्रहरु रहे भने विथार्थीको संख्या ५ लाख ४१४ रहृयो । सबैभन्दा बढी परीक्षामा सामेल हुने काठमाडौं केन्द्रबाट ३८ हजार ८१३ जना विद्यार्थीको आँकडा छ । सबैभन्दा कममा परेको छ जापान केन्द्र, जसमा मात्र २३ जना विद्यार्थी रहे । यसपालि परीक्षामा केही परिवर्तन गरियो, जसमा आन्तरिक मूल्यांकनमा न्यूनतम ४० प्रतिशत र सैद्धान्तिकतर्फ हरेक विषयमा ३५ नम्बर ल्याउनै पर्ने । योभन्दा कम ल्याउने नन् ग्रेडिङमा पर्ने र फेरि निश्चित विषयमा हो भने ग्रेड वृद्धिमा सामेल हुन सक्ने प्रावधान छ ।

अहिलेका विद्यार्थीमा परीक्षाप्रति आकर्षण छैन, पढाइप्रति खासै अभिरुचि देखिँदैन । विद्यार्थीमा मोह छैन, बाध्यताहरु धेरै छन्, अनुपस्थित हुनुमा पनि । ०७७ सालमा एसईई अनुपस्थित १३ हजार ९०, ०७८ मा ४ लाख ७५ हजार ७५१ ले फराम भरेर २२ हजार ६४० परीक्षामा सामेल भएनन् । ०७९ मा ४ लाख ८५ हजारले भरे अनि अनुपस्थित जनाउने १३ हजार ९९१ भए । यसपालि ०८० मा ४ लाख ६७ हजारले फाराम भरे तर ३७ हजार अनुपस्थित भए । यसरी पछिल्ला वर्षमा विद्यार्थीको अनुपस्थिति रेसियो तीव्र बढ्दै छ ।

**अधुरो भर्ना अभियान** :

सरकारले यो वर्ष कक्षा १ मा ६ लाख विद्यार्थी भर्ना गर्ने अभियान चलाएको छ, तर विद्यालयमा विद्यार्थी टिकाउन सकिएको छैन । विद्यार्थी भर्ना अभियान जारी गरे पनि झन्डै पढ्ने उमेरका ९ लाख बालबालिका अहिले विद्यालयको पहुँचमा छैनन् । १० वर्षअघि कक्षा १ मा भर्ना भएका ११ लाख विद्यार्थीमा अहिलेको एसईईमा सम्मिलित हुने ५ लाख मात्र भए । भर्ना नै ठूलो अभियान होइन, पढ्ने वातावरण भए खोजेर पनि विद्यालय जान सकिन्छ । अहिले विषगत शिक्षकको कमी छ ।

हिमाल-पहाडमा तराईका शिक्षक छन्, तराईमा पहाडका । अनि स्कूलैपिच्छे कोर्स फरक देखिन्छ । नक्कली प्रमाणपत्रहरु पनि त्यत्तिकै छन्, देशभक्तिभन्दा दलभक्तिको कोर्स छ । भर्खरै नयाँ मन्त्री आएर देशैभरि राजनीतिमा लागेको पाइए शिक्षकहरुलाई हटाइने परिपत्र जारी गरिएको छ । तर यसले कति सफलता हातमा आउला, दल नियन्त्रित देशमा । परीक्षाको कापी काट्न पैसा पुगेन भनिदै छ र पैसा नबढाए कापी नकाट्ने भनिदै छ । हाम्रो पालामा शिक्षा व्यापार होइन, सेवा थियो र सुका-मोहरले एसईईको कापी परीक्षण गरिएको हो, त्यो पनि पैसा लिन जाँदा कति धौधौ हुन्थ्यो ।

४ देखि १४ वर्ष उमेर समूहका बालबालिकाहरु ८ लाख ५३ हजार शिक्षाको पहुँचबाहिर भएको एक तथ्यांकले देखाएको छ । जनगणना २०७८ मा यो उमेर समूहका बालबालिकाको संख्या ७५ लाख छ । यसमा साढे आठ लाख बढी बालबालिका विद्यालय पहुँचबाहिर छन् । शिक्षा मन्त्रालयकै भनाइमा पनि ४ वर्ष उमेर समूहका बालबालिका २४ लाख ३९ हजार २ सयमध्ये बालविकासमा १८.५ प्रतिशत र कक्षा १ देखि ५ सम्म पढ्ने उमेर समूहका ८.१ प्रतिशत बालबालिका विद्यालय पहुँचबाहिर छन् । कक्षा ६ देखि ८ सम्म उमेर समूहका ६.८ प्रतिशत र ९, १० कक्षा उमेर समूहका ७.४ प्रतिशत बालबालिका विद्यालयको पहुँचमा छैनन् । यो क्रम धेरै मधेस प्रदेशमा ४५ प्रतिशत बढी छ । लुम्बिनीमा १७ प्रतिशत, बागमतीमा ९.३ प्रतिशत, सुदूरपश्चिममा ६.७ प्रतिशत, गण्डकीमा ३.७ प्रतिशत, कर्णालीमा ४.३ प्रतिशत भनिएको छ ।

०४६ को परिवर्तनपछि विद्यालयको संख्या वृद्धि भएको छ, तर शिक्षाको गुणस्तरमा सुधार भएको छैन । साबिकमा १५ हजार ९ सय विद्यालय थिए, हालको संख्या हेर्दा ३६ हजार माथि छ । यसमा सामुदायिक विद्यालय २८ हजार ७ सय बढी र संस्थागत विद्यालयहरु ७ हजार २२१ नाघेका छन् । गुरुकूल, मदरसा, गुम्बा विद्यालय १ हजारमाथिको संख्यामा छन् । यता कक्षा ९ देखि १२ सम्मका विद्यार्थीमा भर्ना भएर छोड्नेको संख्या ४३ प्रतिशत आएको छ भने उच्च शिक्षामा केवल पन्ध्र-बीस प्रतिशत विद्यार्थी मात्रै भर्ना हुने गरेका छन् ।

अन्त्यमा भन्नुपर्दा, युएस आर्थिक राजधानी हो संसारको । त्यहाँ शिक्षा अनिवार्य र नि:शुल्क छ । त्यहाँ उत्पादित जनशक्ति वैज्ञानिक छन्, लोकतन्त्र पनि त्यहीं छ भन्नुपर्छ । त्यहाँ उत्पादित अब्बल जनशक्ति विश्वको अर्को समृद्ध देश चीनले हायर गरेको छ, उत्पादन वृद्धि गरेको छ र विश्वमा राम्रो मार्केटिङ पनि । संसारलाई सामान मात्रै होइन, ऋण दिन सक्ने भएको छ । हाम्रो देशमा लोकतन्त्र ल्याइयो, संघीयता र गणतन्त्र पनि । तर दिनानुदिन देश उँधो गतिमा छ, संसारकै अब्बल भिखारी छ ।

भिखारी हुन युद्ध नै आवश्यक पर्दैन, त्यहाँको शिक्षालाई ध्वस्त पारिदिए हुन्छ भन्ने आममान्यता छ र हाम्रो शिक्षा प्रणाली ध्वस्त छ । हाम्रा विद्यालयमा विद्या होइन, वस्तु पाइन्छ, पोशाक, टाई, जुत्ता, झोला टिसर्ट, ज्याकेट र राम्रा भवन वस्तु त हुन् । भवनहरु हेर्न नानीहरु ठूला झोला भिरेर जान्छन्, अभिभावकहरु पनि । सडकमा बस कुर्छन्, लामो समय । राम्रो निद्रा पनि पाइन्न, शिक्षा गतिलो व्यापार बनेको छ, यसमै राजनीति छ । विद्यार्थीले लगाएको भित्री कपडासम्म धुँदैन, दाँत माझ्दैन आफैं कोठा सफा गर्दैन, मोबाइल उसको साथी छ, भातभान्सा जान्दैन । छरछिमेक, समाज चिन्दैन । यो सबै अधुरो विकास र देखावटी शिक्षाको कारण होइन त ?

*(साभार: नेपाल समाचार-पत्र)*

# नेपालको कृषि र सत्ताको नीतिगत द्वैधता

✍ सरोज खतिवडा/दिपेश नेपाल

हाम्रो संविधानले पर्यावरणमैत्री कृषिको परिकल्पना गरेको छ । दिगो विकासका लक्ष्यले पनि पर्यावरणीय कृषिकै वकालत गर्छ । तर कृषिलाई लिएर हाम्रा सरकार तथा सरकारमा भएका राजनैतिक दलहरूले अख्तियार गर्ने नीति र देशको मूल नीति बीच सधैं विरोधाभास देखिन्छ । दुर्भाग्य देशमा विद्यमान तीनै तहका सरकार तथा दलहरूले सिद्धान्तको रूपमा समाजवादउन्मुख राज्य स्वीकारेको तर व्यावहारिक रूपमा पूँजीवादी व्यवस्थालाई आत्मसात् गर्ने दोहोरो चरित्रको कारण प्राथमिक उत्पादनको क्षेत्रमा विकृति बढ्दै गहिरहेको छ ।

यदि स्थानीयदेखि संघसम्म सरकारमा र प्रतिपक्षमा रहने राजनैतिक दल तथा तिनका प्रतिनिधिहरू देशको मूल कानुन र दिगो विकासको लक्ष्यप्रति इमानदार हुने हो भने अहिलेको नीति तथा कार्यक्रममा कृषिका व्यवस्थाहरूलाई अघिल्ला वर्षहरूको भन्दा १८० डिग्रीमा परिवर्तन गर्नुको विकल्प छैन । हामीले यस लेख मार्फत हाम्रा सरकारहरू कसरी आफ्ना नीति तथा कार्यहरू मार्फत कथित आधुनिकीकरण, उत्पादकत्व केन्द्रित, यान्त्रिकीकरण तथा कृषि विकासको नाममा देशको संविधान, दिगो विकासका लक्ष्यहरू तथा वातावरण र पर्यावरणको विनाश गरिरहेका छन् भनेर चर्चा गर्ने प्रयास गरेका छौं ।

स्वाभाविक रूपमा कृषि विकासको लागि निर्माण गरिएका सबै रणनीति, नीति, आवधिक योजना तथा सरकारले हरेक वर्ष बनाउने नीति तथा कार्यक्रमको आधारभूत सिद्धान्तको रूपमा नेपालको संविधानले प्रदान गरेको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त त्यस्तै दिगो विकास लक्ष्य र कृषि विकास रणनीतिलाई उल्लेख गरेको पाइन्छ । नेपालको संविधानले कृषि र भूमिसुधार सम्बन्धी नीतिमा उल्लेख गरेर होस् या प्राकृतिक साधन-स्रोतको संरक्षण, सम्बर्धन र उपयोग सम्बन्धी नीतिमा उल्लेख गरेर होस् राज्यको उत्पादन प्रणालीलाई प्रकृति र पर्यावरणको संरक्षण गर्दै तुलनात्मक लाभको कृषि प्रणालीलाई अख्तियार गर्न प्रोत्साहन गरेको छ ।

नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा त कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूल खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्ने कुराको उल्लेख गरिएको छ । संविधानमा कुनै धारा वा व्यवस्थाले माटो र मानव स्वास्थ्य बिगार्ने गरी रसायन, विषादीको प्रयोग, किसानलाई नै किसानीबाट बेदखल गर्ने यान्त्रीकरण र औद्योगीकरण, प्रकृति र वातावरण नै बिगार्ने किसिमको आधुनिकीकरणको पक्षपोषण गर्दैन ।

सन् २०१५ मा नेपाल लगायत संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरूले दिगो विकास लक्ष्यलाई अनुमोदन गरेपछि नेपालमा राष्ट्रिय योजना आयोगले 'दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०' सन् २०१७ मा प्रकाशनमा ल्यायो । यसको कार्यसूचीमा भएका १७ लक्ष्य, १६९ परिणामात्मक लक्ष्य र २३४ वटा विश्वव्यापी सूचकहरूको अतिरिक्त २४५ थप सूचक सहित ४७९ सूचकहरू निर्धारण गरी दिगो विकासका लक्ष्यलाई हरेक विकास योजना र बन्ने नीतिहरूमा प्रयोग गर्ने भनियो ।

पन्धौं आवधिक योजनालाई त दिगो विकासका सबै लक्ष्य समावेश गरिएको आवधिक योजना भनेर व्यापक प्रचार पनि गरिएको थियो । दिगो विकासका १७ वटा लक्ष्यमध्ये ५ वटा प्रत्यक्ष र अरू परोक्ष रूपमा कृषि तथा प्राथमिक उत्पादनका क्षेत्रहरूसँग जोडिएर आउँछन् । तर, जब कृषि क्षेत्रका नीति, नियम, योजना र कार्यक्रम बनाइन्छ सबैमा कृषि विकास रणनीति (ए.डी.एस.) को उत्पादकत्व केन्द्रित व्यावसायिक उत्पादन प्रणालीको प्रभुत्व रहन्छ । यसरी संविधान र दिगो विकासका लक्ष्यलाई आधारभूत सिद्धान्तको रूपमा आत्मसात् गर्ने दस्तावेजहरूकै कृषि विकासका कार्यक्रमहरूमा भने कृषि विकास रणनीतिमा उल्लिखित व्यवसायीकरण, आधुनिकीकरणका नाममा अप्राकृतिक उत्पादकत्व केन्द्रित उत्पादन प्रणालीलाई प्राथमिकतामा राखिन्छ । जसको असर पन्धौं आवधिक योजनाको कार्यान्वयन र वर्षेनि बन्ने नीति तथा कार्यक्रम जस्ता कर्मकाण्डी दस्तावेजमा स्पष्ट देखिन्छ ।

नेपालको कृषि विकासलाई बाटो देखाउने भनेर वि.सं. २०५१ देखि २०७१ सम्मको लागि निर्माण गरिएको दीर्घकालीन कृषि योजनाले लक्षित उपलब्धि हासिल गर्न सकेन । यस अवस्थामा एसियाली विकास बैंक र दातृ निकायहरूको सहयोगमा २० वर्षको आवधिक कृषि विकास रणनीति (वि.सं. २०७२- २०९२) को निर्माण भयो ।

आत्मनिर्भरता, दिगोपन, प्रतिस्पर्धी, समावेशी, जीविकोपार्जन, खाद्य तथा पोषण सुरक्षा जस्ता परिकल्पनामा आधारित यो बीस वर्षे रणनीतिलाई प्राप्त गर्ने बाटोको रूपमा सुशासन, उत्पादकत्व, नाफामूलक व्यवसायीकरण र प्रतिस्पर्धी क्षमतालाई अगाडि सारिएको छ । जसमा प्रकृति, जीवन, दिगोपना र स्थायित्व प्राप्त गर्ने हतियारको रूपमा बजार र राजनीतिलाई प्रस्तुत गरिएको छ । यो आफैंमा विरोधाभासपूर्ण छ । एकातिर राज्य संरचना संघीयतामा जानु अगावै विकसित भएको यस र णनीतिको औचित्य राज्य संघीयतामा गएसँगै कमजोर भयो भने अर्कोतर्फ उत्पादकत्व र वृद्धिको लक्ष्य प्राप्तिको लागि अघि सारिएको आधुनिकीकरण, यान्त्रीकरणले कृषि क्षेत्रमा कायापलट ल्याउने अपेक्षा गरिएको यो रणनीति हाम्रो संविधानले आत्मसात् गरेको कृषि तथा दिगो विकासको लक्ष्यले तय गरेको कृषिको विरुद्धमा प्रयोग हुने हतियारको रूपमा देखिन्छ ।

उदाहरणको रूपमा दिगो विकासको दोस्रो लक्ष्यमा भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने तथा दिगो कृषिको प्रवर्द्धन गर्ने भनेर भनिएको छ । यही दस्तावेजलाई सिद्धान्तको रूपमा अघि सारेको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रममा रासायनिक मलको कारखाना तथा रासायनिक मलको दिगो आपूर्ति सम्बन्धी कार्यक्रम निर्माण गरिएको छ ।

यही आ.व.को बजेटमा रासायनिक मल खरिदको लागि मात्रै कुल कृषि बजेटको ६० प्रतिशत रकम छुट्याइएको छ भने यसको विपरीत दिगो विकासको सिद्धान्तसँग मेल खाने प्रांगारिक उत्पादन तथा प्रकृतिमैत्री खेतीका कार्यक्रमहरू नीति तथा कार्यक्रमदेखि खिइँदो बजेटसम्म आइपुग्दा अस्तित्वमा समेत देखिँदैनन् । जसको कारणको रूपमा जिम्मेवार निकायहरूले कृषि विकास रणनीतिमा उल्लिखित उत्पादनको लक्ष्य प्राप्तिलाई देखाउने गरेका छन् ।

यस्तै अर्को उदाहरण हेरौं, आर्थिक वर्ष २०७७/७८ मा सँैय कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आफ्नो कुल बजेटको करिब ५ प्रतिशत बजेट पर्यावरणीय कृषि प्रवर्द्धन गर्नका लागि छुट्याएको थियो तर आर्थिक वर्ष २०७८/८९ मा घटाएर १ प्रतिशतमा सीमित गरिएको थियो । यसरी छुट्याएको रकम पनि यो वा त्यो बहानामा आर्थिक वर्षको अन्त्यसम्म अर्को शीर्षकमा रकमान्तर हुँदै सकियो ।

आर्थिक वर्ष २०७९/८० मा पनि नीति तथा कार्यक्रममा थोरै समेटिएको पर्यावरणीय कृषि प्रोत्साहन गर्न भने सरकारले कन्जुस्याइँ गरेको थियो । आर्थिक वर्ष २०८०/८१ को त नीति तथा कार्यक्रममै पर्याप्त प्राथमिकतामा नपरेको पर्यावरणीय कृषि बजेटमा पर्ने कुरै भएन ।

हरेक वर्ष सरकारले नीति तथा कार्यक्रम प्रस्तुत गर्दा अन्य क्षेत्रमा जस्तै कृषिमा पनि नयाँ होस् भन्ने अपेक्षा रहन्छ । तर विगतका धेरै नीति तथा कार्यक्रमहरूमा कृषि सम्बन्धी व्यवस्थाहरू संविधान तथा दिगो विकासका लक्ष्य विपरीत, अव्यवस्थित र अन्दाजी मात्र होइन एउटै अनुच्छेदमा बाझिने व्यवस्था समेत देख्न सकिन्छ । यसरी आउने नीति तथा कार्यक्रमहरूमा भाषा र भाष्य मात्रै पनि आफैमा दोहोरिएर आउँछन् । परिणामस्वरूप दशकौंदेखि थला परेको हाम्रो कृषि, किसान र किसानी मात्र होइन आउँदो पुस्ताको लागि सुरक्षित हुनुपर्ने वातावरण र पर्यावरण समेत बिग्रदै गएको छ ।

अन्त्यमा, मानवीय कार्यबाट पृथ्वीमा अहिले देखिएका समस्या एकदमै डरलाग्दा छन् । विश्वको तापमान बढिरहेको छ । ओजोन तह पातलो हुँदै छ । हिमाल रित्तिदै छन् । दुनियाँभरमा खानेपानीको हाहाकार बढ्दैछ । समुद्रको सतह बढेसँगै केही देशहरूकै मानचित्र हराउँदैछ । विभिन्न प्राकृतिक विपत्ति र महामारी बढ्दै छन् ।

यी आदित्यादि कारणहरूले संसारबाट मानवकै अस्तित्व खतरामा भएको विभिन्न अध्ययनले देखाउँदै आएका छन् । हुनत संसारमा यस्तो अवस्था आउनमा हाम्रो जस्तो सानो जनसंख्या भएको सानो मुलुकको न त धेरै भूमिका छ न यी यावत् समस्याको प्रभावकारी समाधान गर्ने वा न्यूनीकरण गर्ने ल्याकत नै छ ।

*(साभार: अनलाइनखबर)*

# किन दोहोरिन्छन् उही नीति, उही कार्यक्रम ?

काठमाडौं/सरकारले सालबसाली सार्वजनिक गर्ने नीति तथा कार्यक्रममा सम्भवत: सधैं एउटै विषय दोहोरिन्छन् । यसको एक ज्वलन्त उदाहरण 'बन्द भएका सरकारी उद्योग तथा कलकारखाना पुन: सञ्चालन गर्ने' भन्ने घोषणा हो ।

यो कार्यक्रम घोषणा वर्षौंदेखि यसरी नै दोहोरिरहेको छ । यो कार्यक्रम न कार्यान्वयनमा आउँछ, न यसले नीति निर्माण तह वा सर्वसाधारणको ध्यान आकर्षित गर्छ । यी र यस्ता सयौँ 'पपुलिस्ट' कार्यक्रमको वर्षेनि हुने निरन्तर घोषणाले नीति तथा कार्यक्रम 'श्राद्धमा बिरालो बाँध्ने' लोकोक्तिसँग ठ्याक्कै मेल खाने गरेको भान हुन्छ । 'सरकारले कुनै मौलिक कार्यक्रम तयार पार्न नसक्नु तथा भिजन बनाउन नसक्दा वर्षौंदेखि नीति तथा कार्यक्रममा यस्तै विषयले निरन्तरता पाइरहेको देखिन्छ,' एक अर्थविद्‌ले संचारकर्मीसँग भने, 'त्यही कारण नीति तथा कार्यक्रम सधैं एउटै फर्म्याटको हुने गरेको हो ।'

मुलुकमा गणतन्त्र स्थापना भएयता संघीय संसद्‌को दुवै सदनको संयुक्त सभामा उपस्थित भएर राष्ट्रपतिले डेढदेखि दुई घण्टा अनवरत नीति तथा कार्यक्रम वाचन गर्दै आएका छन् । मंगलबार पनि राष्ट्रपति रामचन्द्र पौडेलले पूर्व समकक्षीहरू जस्तै एउटै कुर्सीमा १ घण्टा ५६ मिनेट बसेर ५५ पृष्ठ लामो नीति तथा कार्यक्रम वाचन गरे । खासमा, नीति तथा कार्यक्रम नयाँ आर्थिक वर्षका लागि तयार हुने बजेटको ऐना हो । यसैको सेरोफेरोमा रहेर सरकारले नयाँ आर्थिक वर्षको बजेट तयार पार्ने गर्छ ।

यसको अर्थ, मंगलबार राष्ट्रपति पौडेलले वाचन गरेको नीति तथा कार्यक्रमका घोषणा तथा कार्यक्रम अधिकांशजसो आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमा समेटिनेछन् । मंगलबार सार्वजनिक भएको नीति तथा कार्यक्रम हेर्दा आगामी बजेट पनि विगत वर्षका झैं पपुलिस्ट नै बन्नेमा शंका नगर्दा हुन्छ । यो नीति तथा कार्यक्रममा सार्वजनिक 'प्रधानमन्त्री छोरी आत्मनिर्भर' कार्यक्रम एउटा यस्तै पपुलिस्ट कार्यक्रमका रूपमा देखिएको छ ।

राष्ट्रपति पौडेलले प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम भनेर घोषणा गर्नासाथ संसद्‌मा हाँसोको फोहोरा छुटेको थियो । यसले के देखिन्छ भने कुनै नौलो कार्यक्रम घोषणा गर्दा सांसदहरूबीच नै हाँसोको फोहोरा छुट्नु भनेको त्यस्तो कार्यक्रम पपुलिस्ट हो भन्नेमा दुई मत रहेन । यी र यस्तै पपुलिस्ट कार्यक्रम समेटेर सरकारले तयार पारेको आगामी आव २०८१/८२ को नीति तथा कार्यक्रम राष्ट्रपति पौडेलले संसद्‌को संयुक्त बैठकमा प्रस्तुत गरे ।

तर, साविकका छायाकपी जस्तै लाग्ने नीति र हरेक वर्ष दोहोरिने कार्यक्रमले सरकारका घोषणा औपचारिकतामा मात्र सीमित गरिदिएको छ । नीति तथा कार्यक्रम सम्बोधनको अंशदेखि नै साविककै शब्दमा अल्झिएको यो दस्तावेजमा समावेश हरेकजसो नीति तथा कार्यक्रम चालु आवको नीति तथा कार्यक्रमसँग मेल खान्छ । यसो हुनुको मतलब सरकारले अघिल्लो वर्ष घोषणा गरेका कार्यक्रम नै कार्यान्वयन गर्न सकेन ।

चालु आवको नीति तथा कार्यक्रममा अन्तर्राष्ट्रिय विकास सहायता परिचालनलाई राष्ट्रिय गौरव, रणनीतिक, रूपान्तरणकारी र उच्च प्रतिफलयुक्त आयोजनाको सञ्चालनमा केन्द्रित गर्ने नीति लिएको सरकारले सार्वजनिक ऋणलाई आयोजनागत रूपमा विनियोजन गर्ने भनेको थियो । तर, व्यवहारमा कार्यान्वयन हुन सकेन ।

आगामी आवको नीति तथा कार्यक्रममा पुन: सार्वजनिक ऋणको विवेकपूर्ण छनोट गरी अधिकतम प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गर्ने बताएको छ । आन्तरिक ऋण उपयोग पूँजी निर्माण तथा उत्पादन क्षेत्रमा मात्र गणना गर्ने र वैदेशिक सहायतालाई राष्ट्रिय आवश्यकता र प्राथमिकताको क्षेत्रमा परिचालन गर्ने विषयलाई पुन: दोहोऱ्याइएको छ ।

वातावरण प्रतिकूल नहुने गरी नदीजन्य ढुंगा, गिट्टी, बालुवा संकलन र वितरण गर्न आवश्यक कानुनी व्यवस्था गर्ने भनी चालु आवमा घोषणा गरिएको नीतिलाई आगामी आवमा समेत केही

| | |
|---|---|
| सामाजिक सुरक्षा कार्यक्रम दायरा विस्तार | थप साढे १५ हजार हेक्टर जमिनमा सिँचाइ |
| प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम | १ हजार युवालाई 'स्टार्टअप बिजनेस' कर्जा |
| ठगी र मिटरब्याजी नियन्त्रण गर्ने | पर्यटकीय गन्तव्य प्रोफाइल बनाइने |
| आईटीबाट ५ हजार रोजगारी सिर्जना | आगामी वर्ष विद्युत् जडित क्षमता ४५०० मेगावाट पुऱ्याइने |
| मध्यपहाडी लोकमार्गलाई 'समृद्धि करिडोर' बनाइने | जग्गा कारोबार मूल्यांकन व्यवस्थित गर्न कानुन संशोधन |



भाषा परिमार्जन गरी दोहोऱ्याइएको छ । 'वन, खानी र खनिजजन्य स्रोत संरक्षण र समुचित उपयोग हुने गरी विकास निर्माणका लागि आवश्यक खनिज पदार्थ सहज रूपमा उपलब्ध गराउन विद्यमान कानुनी व्यवस्था परिमार्जन गरिने छ,' आगामी आवको नीतिमा छ ।

काठमा आत्मनिर्भर बन्ने घोषणा चालु आवकै कार्यक्रममा उल्लेख थियो । यसलाई आगामी आवमा समेत दोहोऱ्याइएको छ । 'वनको उचित व्यवस्थापन गरी मुलुकलाई काठमा आत्मनिर्भर बनाइने छ,' चालु आवको नीति तथा कार्यक्रममा भनिएको थियो । यसलाई आगामी आवको नीति तथा कार्यक्रममा भनिएको छ, 'वन पैदावरको उत्पादन व्यवस्थित गरी काठ तथा काष्ठजन्य वस्तुको आयात प्रतिस्थान गरिने छ ।'

भूमिसम्बन्धी आधारभूत सेवालाई स्थानीय तहबाटै दिने घोषणा चालु आवको नीति तथा कार्यक्रममा उल्लेख थियो । यसलाई आगामी आवमा समेत हुबहु सारिएको छ । चालु आवको नीति तथा कार्यक्रममा पुन: सञ्चालन घोषणा गरिएका हेटौंडा कपडा उद्योग, गोरखकाली रबर उद्योग र बुटवल धागो कारखाना सञ्चालन घोषणा आगामी आवको नीति तथा कार्यक्रममा समेत उल्लेख छ । आगामी आवको नीति तथा कार्यक्रममा छ, 'निजी क्षेत्र प्रतिस्पर्धी भएका र गोरखकाली रबर उद्योग, बुटवल धागो कारखाना, हेटौंडा कपडा उद्योग लगायत बन्द तथा रुग्ण अवस्थामा रहेका सार्वजनिक संस्थान सम्भाव्यताका आधारमा सार्वजनिक-निजी-साझेदारी वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन र सञ्चालन गरिने छ ।'

गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यलाई दुई वर्षभित्र सम्पन्न गर्ने घोषणा चालु आवको नीति तथा कार्यक्रममा राखिएको थियो । यसलाई आगामी आवमा सम्पन्न गर्ने आगामी आवको नीति तथा कार्यक्रममा समेत समेटिएको छ । त्यस्तै चलचित्र पर्यटन विकास गर्ने भनी यस वर्ष घोषणा गरेको सरकारले अहिले पनि सोही कार्यक्रम दोहोऱ्याएको छ ।

नेपाली वायुसेवाको अन्तर्राष्ट्रिय गन्तव्य विस्तार गर्ने नीतिलाई यस वर्षसमेत सोही भाषामा दोहोऱ्याइएको छ । सडक, यातायात, रेल, जलमार्ग र हवाई क्षेत्रलाई समेट्ने गरी एकीकृत राष्ट्रिय यातायात गुरुयोजना बनाउने घोषणा चालु आवको नीति तथा कार्यक्रममा गरिएको थियो । हुबहु घोषणा आगामी आवको नीति तथा कार्यक्रममा समेत समेटिएको छ । द्रुतमार्ग निर्माण २०८३ सालभित्र सम्पन्न गर्ने विषयलाई दुवै नीति तथा कार्यक्रममा राखिएको छ ।

यस्तै ऊर्जा क्षेत्रमा भने आगामी आवका लागि आयोजनाको नामै तोकेर निर्माण अगाडि बढाउने घोषणा गरिएको छ । साथै, जडित लक्ष्यसमेत ४ हजार ५ सय मेगावाट पुऱ्याउने घोषणा गरिएको छ । जुन चालु आवको नीति तथा कार्यक्रममा उल्लेख थिएन । यस वर्ष सरकारले विशेष महत्वसहित समेटेका विषय भने सूचना प्रविधि देखिएको छ । यो क्षेत्रबाट मात्र ५ हजार नयाँ रोजगारी सिर्जना गर्ने लक्ष्यसहित आगामी दशकलाई सूचना प्रविधि दशकका रूपमा अगाडि बढाउने घोषणा गरेको छ ।

काठमाडौं उपत्यका र हरेक प्रदेशमा सूचना प्रविधि वर्क स्टेसन बनाउने भनेको सरकारले रोजगारी र सेवा निर्यातको प्रमुख क्षेत्रका रूपमा यसलाई विकास गर्ने भनेको छ । महिला सबलीकरणका लागि प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रमका नाममा यस वर्ष सरकारले नयाँ नारा दिएको छ ।

अन्य विषय भने चालु आवकै दोहोऱ्याइएको छ । सामुदायिक विद्यालयमा करियर काउन्सिलिङ थाल्ने विषयलाई यस वर्ष सरकारले नयाँ कार्यक्रमका रूपमा ल्याएको छ । विद्यालयमा 'साथीबाट सिक्ने साथीलाई सिकाउने' प्रणालीलाई प्रोत्साहन गर्ने नीतिसमेत नयाँ ल्याइएको छ । स्वास्थ्य क्षेत्रमा चालु आवकै धेरै घोषणा पूरा भएका छैनन् । सरकारले आगामी आवलाई समेत नयाँ विषय खोज्न सकेको देखिँदैन । सार्वजनिक सेवा प्रवाह, सुरक्षा निकाय, न्याय, श्रम, युवा, खेलकुद, चलचित्र, प्राकृतिक विपत्तिसँग लड्न पूर्वतयारी र क्षति न्यूनीकरणका विषयमा समेत सरकारले नयाँ योजना खोज्न सकेको देखिँदैन । परम्परागत नीतिलाई निरन्तरताका रूपमा उल्लेख गरिएको छ ।

चालु आवमा सर्वाधिक चर्चामा रहेको सहकारी समस्या समाधान गर्ने विषयले यो वर्ष पनि निरन्तरता पाएको छ । चालु आवको नीति तथा कार्याक्रममा सरकारले सहकारी नीति परिमार्जन गर्ने, सहकारी संस्थाको अनुगमन र निरीक्षण प्रभावकारी बनाउने, सहकारी संस्था एकीकरण, बचत तथा लगानीको सदुपयोग र सुरक्षा गर्ने जस्ता घोषणा गरेको थियो ।

सहकारी समस्याका कारण अवरुद्ध संसद्‌मा प्रतिपक्षले मंगलबार नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिए पनि त्यसमाथिको छलफल कसरी अगाडि बढ्छ भन्ने अन्योल छ । सहकारी समस्याका सन्दर्भमा चालु आवमा पनि सरकारले गत वर्षकै नीति र कार्यक्रमलाई नै निरन्तरता दिएको छ । आगामी आवको नीति तथा कार्यक्रममा पनि सहकारी नीति परिमार्जन, सहकारी संस्थाको सघन नियमन र सुपरीवेक्षण गर्न विशिष्टिकृत संस्था स्थापना जस्ता विषयलाई निरन्तरता दिएको छ ।

यस्तै बचत तथा लगानी सुरक्षाको विषय नीति तथा कार्यक्रममा समावेश गर्दै सहकारी बचत तथा कर्जा सुरक्षण कोष, सहकारी कर्जा सूचना केन्द्र र सहकारी कर्जा असुली न्यायाधीकरण स्थापना गर्ने विषय पनि उल्लेख छ । चालु आवको नीति तथा कार्यक्रममा नै भएको सहकारी संस्था एकीकरण पुन: दोहोरिएको छ । 'बचत तथा ऋण सहकारीलाई एकापसमा गाभिन प्रोत्साहन गरिने छ,' आगामी आवको नीति तथा कार्यक्रममा छ ।

सहकारले नीति तथा कार्यक्रम मार्फत बैंक तथा वित्तीय संस्था, लघुवित्त, सहकारी, बीमा र पूँजीबजारमा देखिएका समस्या समाधान गर्न विभिन्न समयमा भएका अध्ययनबाट प्राप्त सुझाव क्रमश: कार्यान्वयन गर्ने घोषणा गरेको छ । लघुवित्त समस्या समाधान सुझाव कार्यदलले दिएको प्रतिवेदनमा लघुवित्तका ऋणीहरूको कर्जा पुनर्तालिकीकरण तथा पुनर्संरचना गर्ने व्यवस्था थयो भने सोही आधारमा राष्ट्र बैंकले चालु आवको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा मार्फत उक्त सुविधा दिइरहेको छ । सरकारले कार्यान्वयनमा रहेको उक्त व्यवस्थालाई आगामी आवको नीति तथा कार्यक्रममा समावेश गरेको छ ।

न्यून आय भएका वर्ग समुदायलाई स्थानीय तहमार्फत लघुबीमा गराउन सहजीकरण गर्ने घोषणा चालु आवको मौद्रिक नीतिमा भए पनि त्यसमा कुनै प्रगति भएको छैन । आगामी आवको नीति तथा कार्यक्रममा पनि त्यसलाई निरन्तरता दिइएको छ । आगामी आवमा स्थानीय तहमार्फत नि:शुल्क बीमाको घोषणा गरेको हो । 'गरिब लक्षित कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिने छ । पहिचान भएका गरिबको स्थानीय तहमार्फत नि:शुल्क बीमा गरिने छ,' नीति तथा कार्यक्रममा छ ।

### कहिल्यै समाधान नहुने सुकुमबासी र भूमिहीन समस्या

सरकारले भूमिहीन र सुकुमबासी समस्या समाधान गर्न भूमि आयोग गठन गरेको छ । तर, भूमिहीन, सुकुमबासी र अव्यवस्थित बासोबासीको समस्या समाधान गर्ने विषय हरेक वर्ष नीति तथा कार्यक्रम र बजेटमा आउने गरेको छ । चालु आवको बजेटमा मुक्त हलिया, कमैया, हरवाचरवा, भूमिहीन, सुकुमबासी तथा अव्यवस्थित बसोबासको समस्या समाधान गर्ने उल्लेख छ । आगामी आवमा पनि सोही विषयले निरन्तरता पाएको छ ।

'लोककल्याणकारी राज्य र सामाजिक न्यायको अवधारणाअनुरूप आगामी आवमा ५ लाख भूमिहीन, सुकुमबासी, स्वबासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गरिने छ,' नीति तथा कार्यक्रममा छ । यस्तै गुठीलगायत सबै जग्गाको दोहोरो स्वामित्वसम्बन्धी समस्या समाधान गर्ने र गुठीसम्बन्धी कानुनलाई समयानुकूल बनाइने उल्लेख छ । घरजग्गा कारोबार व्यवस्थित गर्ने र मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्ने विषय चालु आवको नीति तथा कार्यक्रममै समावेश भए पनि त्यसको कार्यान्वयन नहुँदा तिनै नीति तथा कार्यक्रमले निरन्तरता पाएको छ ।

चालु आवको नीति तथा कार्यक्रममा भौगोलिक सूचना प्रणालीमा आधारित वैज्ञानिक जग्गा मूल्यांकन पद्धति विकास गरी जग्गा खरिद-बिक्रीमा हुने मूल्यलाई पारदर्शी र यथार्थपरक बनाउने उल्लेख थियो । आागमी आवको नीति तथा कार्यक्रममा यसका लागि आवश्यक कानुन संशोधन गर्ने मात्रै उल्लेख छ । 'घरजग्गा कारोबारलाई व्यवस्थित गर्न तथा मूल्यांङ्कन प्रणालीलाई वैज्ञानिक बनाउन कानुनी तथा संरचनागत सुधार गरिने छ,' नीति तथा कार्यक्रममा छ ।

यस्तै मालपोत र नापीसम्बन्धी आधारभूत सेवा स्थानीय तहबाटै एकीकृत रूपमा अनलाइनमार्फत व्यवस्था गर्ने कार्यक्रमलाई चालु आवमा पनि निरन्तरता दिइएको छ । चालु आवको नीति तथा कार्याक्रममा भएको नाप नक्सा सम्बन्धी कार्यलाई थप व्यवस्थित र प्रविधियुक्त बनाउने कार्यक्रमलाई नै आगामी आवमा पनि निरन्तरता दिइएको छ । यी कार्यक्रममा प्रगति भने भएको देखिँदैन । यस्तै आगामी आवको नीति तथा कार्यक्रममा डायनामिक डाटा परिभाषित गरी नाप नक्सा कार्य यथार्थपरक बनाउने, स्याटेलाइट प्रविधिमा आधारित नियन्त्रण आधार बिन्दुहरूको सञ्जाल विस्तार गर्ने तथा आधुनिक प्रविधिबाट भूमिको पुन: नापी गरी अभिलेख अद्यावधिक गर्ने कार्यक्रम समावेश छन् ।

भूउपयोग योजना कार्यक्रममा केही भाषा परिवर्तन गरेर आगामी आवको नीति तथा कार्यक्रममा समावेश गरिएका छन् । 'भूमिको प्रकृति, स्वरूप र सम्भावनाका आधारमा तीन तहको भूउपयोग योजना तयार गरी प्रदेश र स्थानीय तहको कार्यान्वयन क्षमता बढाइने छ,' नीति तथा कार्यक्रममा छ ।

सरकारले नीति तथा कार्यक्रम मार्फत नवप्रवर्तन र स्टार्टअप राष्ट्रिय अभियान सञ्चालन गर्ने घोषणा गरेको छ । आगामी आव कम्तीमा १ हजार युवालाई स्टार्टअप व्यवसाय सञ्चालन गर्न सहुलियत कर्जा प्रदान गर्ने घोषणा समेत गरेको छ । चालु आवमा पनि नवप्रवर्तनको क्षेत्रमा काम गर्न चाहने युवाहरूको दक्षता तथा सिपको उपयोग गरी उद्यम-व्यवसाय प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गर्ने घोषणा नीति तथा कार्यक्रम मार्फत सरकारले गरेको थियो ।

सरकारले व्यवस्थित बासोबास र सहरीकरणका लागि निजी क्षेत्रले समेत जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्ने नीतिगत व्यवस्था गर्ने घोषणा गरेको छ । नगर विकास कोषको पुनर्संरचना गरी सहलगानीमा सहरी पूर्वाधार निर्माण गर्ने, भौगोलिक रूपमा विकट, छरिएर रहेका र विपद्‌को उच्च जोखिमयुक्त स्थानका बस्तीलाई सुरक्षित स्थानमा एकीकृत बस्ती विकास गरी स्थानान्तरण हुन प्रोत्साहित गर्ने घोषणा गरेको छ ।

त्यसैगरी सरकारले चालु आवमै कार्यान्वयन नभएका कार्यक्रमहरू पनि दोहोऱ्याएको छ । कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र बजारीकरणमा जोड दिने भन्दै कृषि इकोसिस्टम सुधार कार्ययोजना कार्यान्वयन गर्ने उल्लेख छ । जुन चालु आवको नीति कार्यक्रममा पनि छ । चालु आवको नीति कार्यक्रममा भनिएको छ, 'कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी क्रमश: आत्मनिर्भरता हासिल गरिने छ । तीनै तहका सरकारबीचको समन्वयमा सामूहिक तथा करार खेती प्रोत्साहन गर्दै उत्पादित वस्तुको बजारीकरण गरिने छ । एकीकृत राष्ट्रिय अनुदान सम्बन्धी कानुन एवं कृषि अनुसन्धान नीति तर्जुमा गरिने छ ।'

यस्तै चालु आवको नीतिमा रहेको 'रैथाने बालीको संरक्षण र प्रवर्द्धन गर्दै निजी क्षेत्रलाई जातीय अनुसन्धान तथा विकासमा संलग्न गराइ स्वदेशमा नै हाइब्रिड जातको बिउ विकास गरिने, प्राङ्गारिक तथा जैविक मल उत्पादन र उपयोगलाई प्रोत्साहित गरिने, बाली लगाउनुपूर्व नै प्रमुख कृषि वस्तुको न्यूनतम समर्थन मूल्य निर्धारण गरिने छ' भन्ने विषय आगामी आवको नीतिमा पनि दोहोरिएको छ ।

सरकारले कृषि क्षेत्रमा नयाँ कार्यक्रमका रूपमा आगामी आव २०८१/८२ को दशकलाई कृषिमा लगानीको दशक घोषणा गरेको छ । राष्ट्रपति पौडेलले प्रस्तुत गरेको नीतिमा सबै स्थानीय तहको बाली दर्ता गरी उच्च उत्पादन हुने बालीलाई प्रर्वद्धन गर्ने सरकारको नीति रहेको उल्लेख छ ।

सहज कृषि कर्जा प्रदान गर्ने, बालीको सिजन सुरु हुनु अगाडि नै बालीको न्यूनतम समर्थन मुल्य तोक्ने कार्यक्रम गत वर्षकै दोहोरिएको हो । पशुपन्छीतर्फ दुई वर्षभित्र खोरेत रोग उन्मुलन गर्ने सरकारको घोषणा भने नयाँ हो । गत वर्षको नीति कार्यक्रममा भनिएको 'उपयोगमा नआएको बाँझो जमिन कृषि खेती प्रवर्द्धन गर्न युवा लक्षित सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहित गरिने छ' भन्ने विषय यसपालि पनि समावेश भएको छ ।

यस्तै कृषि उत्पादन वृद्धि गर्न भूमिको चक्लाबन्दी विषय आगामी आवमा पनि समेटिएको छ । आगामी आवमा 'बाँझो तथा नदी उकास जग्गाको सदुपयोग एवम् चक्लाबन्दी गरिने छ । छरिएर रहेका कृषिभूमिको एकीकरण गरी सामूहिक खेती, करार खेती एवम् सहकारी खेतीको प्रवर्द्धन गरिने छ' उल्लेख छ । आगामी आवको नीति कार्यक्रममा 'मेलम्ची खानेपानी आयोजनाबाट बाह्रै महिना खानेपानी आपूर्ति हुने व्यवस्था मिलाई काठमाडौं उपत्यकाको चक्रपथ बाहिर र भक्तपुर जिल्लाको अरनिको राजमार्गसँग जोडिएका पालिकामा पुऱ्याइने छ,' भन्ने उल्लेख भएको छ ।

मेलम्ची खानेपानी आयोजनालाई दिगो र बाह्रै महिना सञ्चालन गरी दोस्रो चरणको निर्माण कार्य अघि बढाइने भन्ने उल्लेख रहेको थियो । तर, चालु आव १० महिना सकिँदा आगामी वर्ष मेलम्ची पानी नआउने पक्कापक्की भइसकेको छ । चालु आवमा पूरा गर्न असफल सरकारले आगामी आवमा उही कार्यक्रम दोहोऱ्याएको हो । यस्तै अगामी आवको नीति तथा कार्यक्रममा 'तीनै तहको समन्वय र नागरिकको सहभागितामा सरसफाइ र स्वच्छता कार्यक्रम कार्यान्वयन गरिने छ । नदीनाला तथा पानीको स्रोतलाई प्रदूषणमुक्त राख्न काठमाडौं उपत्यका तथा ठूला सहरमा फोहोर पानी प्रशोधन केन्द्रको निर्माण तथा सञ्चालन गरिने छ ' उल्लेख छ । जबकि, चालु आवमा पनि सरसफाइको हुबहु बुँदा दोहोऱ्याउँदै नदीनाला तथा पानीको स्रोतलाई प्रदूषणमुक्त राख्न फोहोर पानीको प्रशोधन प्रणाली विकास तथा विस्तार गरिने उल्लेख थियो ।

*(स्रोत: अनलाइनखबर)*

# 'पूजार सार्की'को 'जाऊँ माया' गीतमा अन्तरजातीय प्रेमले दिएको पीडा

काठमाडौं/यही जेठ १० गते (बुद्ध जयन्ती)देखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'पूजार सार्की'को तेस्रो गीत 'जाऊँ माया' सार्वजनिक गरिएको छ । मर्मस्पर्शी भावको गीतमा बि.पाण्डेको शब्द रचना तथा केतन क्षेत्रीको स्वर रहेको छ भने फिल्मका निर्माता समेत रहेका सुभाष भुषालको संगीत छ । गीतमा अन्तरजातीय प्रेमले निम्त्याएको जटिल परिस्थिति, पीडा र निराशालाई देखाइएको छ ।

गीतका शब्दहरु जीवनको यथार्थलाई चित्रण गर्ने खालका छन् । 'देउता पनि मान्छेजस्तै बोली दिने भए, मेरै पीरले दुनियाँलाई पोली दिने भए' जस्ता शब्दहरुले जिन्दगीको वास्तविक भोगाई र पीडालाई दर्शाउँछन् । गीतमा समावेश दृश्यहरुबाट भने अन्तरजातीय प्रेमले उब्जाएका सामाजिक र पारिवारिक समस्यालाई प्रष्ट पार्न खोजिएको छ । गीतले नै फिल्मको कथासार



बुझाउन मद्दत गर्छ ।

तीन सुपरस्टार आर्यन सिग्देल, प्रदीप खड्का र पल शाहको प्रमुख भूमिका रहेको फिल्मले जातीय विभेदविरुद्धको कथा भनेको छ । आर्यन पूजारीको भूमिकामा छन् भने उनको जोडी बनेकी अञ्जना बराइलीले कथित तल्लो जातकी युवतीको भूमिका निभाएकी छन् । प्रदीप भने दमाई चरित्रमा छन् । उनको मगर समुदायकी परीक्षा लिम्बूसँग माया बसेको छ । पलको चरित्र भने विद्रोही छ ।

'प्रकाश'बाट राष्ट्रिय अवार्ड विजेता दिनेश राउतको निर्देशन तथा विकास सुवेदीको लेखन रहेको यो फिल्ममा मोहन निरौला, शङ्कर आचार्य, प्रेम सुब्बा, तारा शर्मा, सुवास गजुरेल, लोकेन्द्र लेखक, विद्या कार्की, गोविन्द रमण पराजुली, राजेश बिसुराल लगायतको पनि अभिनय छ । स्टार कास्ट र ट्रेलरले बढाएको हाइप हेर्दा 'पूजार सार्की'ले बक्स अफिसमा राम्रो व्यापार गर्ने सम्भावना देखिन्छ ।

# वर्षाको 'मोदीबेनी' साउन १८ मा

काठमाडौं/अभिनेत्री वर्षा सिवाकोटीको मुख्य भूमिका रहेको नयाँ फिल्म 'मोदीबेनी' भगवान् शिवको महिना भनेर चिनिने साउनमा प्रदर्शन हुने भएको छ । वितरक कम्पनी एफडी कम्पनी र रिच इन्टरटेनमेन्टसँग निर्माताको लिखित सम्झौतापछि आगामी साउन १८ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको हो । फिल्म रिलिजका लागि सबै दृष्टिकोणबाट यो उत्तम मिति रहेको निर्माता दीलिप केसीले बताए ।

शङ्कर कोइरालाको डेब्यु निर्देशनमा तयार भएको फिल्ममा वर्षाको जोडी भएर नव-अभिनेता अमन प्रताप श्रेष्ठ प्रस्तुत छन् । रेजिना उप्रेती, प्रवीण खतिवडा, सरोज खनाल, दीलिप केसी, कमलमणि नेपाल, जीवन भट्टराई, सरोज अर्याल, अनामिका लामिछाने, स्नेहा भट्टराई, लाबिस लगायतको पनि फिल्ममा अभिनय रहेको छ ।




रेजिनाले यो फिल्मबाट लगभग १२ वर्षपछि कमब्याक गरेकी हुन् ।

पर्वत जिल्लाको मोदीबेनी क्षेत्रमा घटेको अविश्वसनीय घटनामा फिल्म आधारित छ । आनन्द बिक्रम क्षेत्रीको लेखन रहेको फिल्मका सह-निर्माता हरि श्रेष्ठ हुन् । फिल्ममा उत्सव दाहालको डिओपी रहेको छ भने भरत रेग्मीको सम्पादन, दीपेन्द्र गौतम (माइकल)को प्रोडक्शन डिजाइन तथा सगुन तामाङको प्रमुख सहायक निर्देशन छ । फिल्मको काभ्रे र मोदीबेनी क्षेत्रमा छायांकन गरिएको हो ।

# दयाहाङप्रति दर्शकको बढ्दो वितृष्णा : 'अब वाक्क भइयो'

काठमाडौं/नेपाली फिल्म क्षेत्रमा विभिन्न समयमा केही कलाकारको राम्रै बोलबाला देखिने गरेको छ । करिब डेढ दशक अगाडि राजेश हमाल, शिव श्रेष्ठ, भुवन केसी, रेखा थापा, निखिल उप्रेती, विराज भट्ट जस्ता कलाकारको ठूलो राजगज थियो । त्यसपछि आर्यन सिग्देलको युग आयो । यतिखेर दयाहाङ राई मौरीको रानोझैं बनिरहेका छन् । केही वर्षयता नेपाली फिल्ममा उनको माग अचाक्ली देखिन्छ ।

अघिल्लो वर्ष उनले झन्डै एक दर्जन फिल्ममा काम गरे । ९ वटा त प्रदर्शनमा आएका थिए । यस वर्ष पनि यो संख्यामा कमी आउने छाँटकाँट देखिँदैन । अहिले कस्तो अवस्था आएको छ भने हरेक महिनामा उनका फिल्म हलमा टुट्दैनन् । उस्तै परे एउटै मितिमा भिडन्त हुन्छ । गत वर्ष दुईपटक उनका आफ्नै फिल्म भिड्न पुगे । उनले संख्यात्मक अभिनयमा जोड दिँदाको परिणाम थियो यो ।

दयाहाङका पछिल्ला फिल्म हेर्ने हो भने उनको चरित्र चित्रण र अभिनयमा फरकपन देखिँदैन । ग्रामीण चरित्रमा उनको बोलाईदेखि गेटअपसम्म लगभग फोटोकपी हुन्छ । उनले काम गरेका फिल्मको कथामा पनि उत्तिधेरै भिन्नता भेटिँदैन । भूगोल फरक होला तर पात्रको भोगाई र संघर्ष समान नै देखिन्छ । यसैले उनका फिल्म एउटै अनुहारको भए भन्ने टिप्पणी अहिले चर्कै सुनिन थालेको छ ।

एकातिर फिल्मको कथा र चरित्रमा विविधता देखिन छाड्नु र अर्कोतिर बर्खाको पानीभन्दा ज्यादा फिल्म आउन थालेपछि दर्शकमा दयाहाङप्रति वितृष्णा जाग्न थालेको छ । उनका दुई नयाँ फिल्म 'गाउँ आएको बाटो' र 'घरज्वाइँ'को टिजरलाई मिलेको प्रतिक्रियाले पनि अब उनलाई आत्मसमीक्षा गर्नुपर्ने सन्देश दिन्छ । दुईटै फिल्मको



टिजरको युट्युब कमेन्टमा उनीप्रति बढ्दो वितृष्णा देखिन्छ ।

कतिले एकैखालको फिल्म भयो भन्दै आलोचना गरेका छन् । कथादेखि अभिनयसम्म एउटै भएको प्रतिक्रिया दुवै फिल्मको कमेन्ट बक्समा धेरै भेटिन्छन् । कतिले सिरियल जसरी आउने दयाहाङको फिल्म हेरेर वाक्क भएको प्रतिक्रिया जनाएका छन् । कुनै बेला उनको तारिफमा युट्युबको कमेन्ट बक्स पूरै भरिन्थ्यो । अब त्यो आलोचनामा परिणत हुन थाल्नु उनका लागि चिन्ताको विषय हो ।

दयाहाङका पछिल्ला दुई ठूला फिल्म 'डिग्री माइला' र 'मनसरा'ले अपेक्षाकृत व्यापार गर्न सकेनन् । यी दुई फिल्म बक्स अफिसमा कमजोर बन्नुमा दयाहाङका फिल्म महिनैपिच्छे आउनुलाई मुख्य कारण मानिएको छ । दर्शकमा 'एउटै कलाकारको फिल्म कति हेर्ने' भन्ने मनोविज्ञान निर्माण हुन थालेको छ । अब यसको प्रभाव उनका आगामी फिल्ममा समेत पर्नसक्ने विश्लेषण भइरहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# चित्लाङमा स्वास्थ्यचौकी भवन उद्‌घाटन

साझाकुरा संवाददाता

हेटौंडा, १ जेठ/ मकवानपुर थाहा नगरपालिकाको वडा नम्बर ९ चित्लाङमा स्वास्थ्य चौकीको नयाँ भवन निर्माण गरिएको छ । भवनको एक समारोह बीच थाहा नगरप्रमुख विष्णुबहादुर विष्टले उद्‌घाटन गरे ।

चित्लाङ स्वास्थ्यचौकीको नवनिर्मित भवन च्वाइस नेपालको सहयोगमा तथा समुदायको सहकार्यमा निर्माण गरिएको हो । कुल २ करोड १० लाख रुपैयाँ लागत रहेको भवनका लागि च्वाइस नेपालले १ करोड ५० लाख तथा थाहा नगरपालिकाले ५० लाख सहयोग गरेको हो । च्वाइसको प्राविधिक सहयोगमा निर्माण भएको भवन डेढ वर्षमा निर्माण पूरा भएको च्वाइसका प्रताप घिमिरेले बताए ।

भवन उद्‌घाटन गर्दै नगरप्रमुख विष्टले नागरिकलाई गुणस्तरीय र छिटो स्वास्थ्यसेवा दिन मद्दत पुग्ने बताउँदै च्वाइस नेपालको सहयोगको प्रशंसा गरेका थिए । नागरिको स्वास्थ्यउपचार गर्न पाउने नैसर्गिक अधिकार संरक्षण गर्ने उद्देश्यले स्वास्थ्यचौकी भवन निर्माण गरिएको बताए । सामान्य विरामी हुँदा पनि घर नजिकैको स्वास्थ्य केन्द्रबाट सेवा लिनका लागि विष्टले आग्रह गरे । प्रमुख विष्टले स्वास्थ्यचौकी भवनको निर्माणले यस



क्षेत्रका नागरिकले प्रभावकारी स्वास्थ्य सेवा प्राप्त गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा सहयोगी दाता च्वाइस नेपालका कन्ट्रीडाइरेक्टर प्रतीक शर्माले स्वास्थ्य क्षेत्रको पूर्वाधार विकास गर्ने उद्देश्य रहेको बताउदै निर्माणकार्य सम्पन्न पछि पनि च्वाइसले अस्पतालमै सुत्केरी, सबैलाई स्वास्थ्यसेवा, आकस्मिकसेवा, प्राविधिकलाई तालिम तथा दक्ष जनशक्ति उत्पादन गरी सेवाप्रदान गरिने बताए । नमुना काम सहित छिटो समयमा भवन निर्माण गरिएको बताउदै शर्माले सहयोग गर्ने सबैलाई धन्यवाद व्यक्त गरे ।

पहिलो वर्षमा स्वास्थ्यचौकी भवन निर्माण गरिने, दोश्रोवर्ष स्वास्थ्यसंस्थालाई आधुनिक उपकरण सहित प्रविधिमैत्री बनाइने र तेस्रोवर्ष कर्मचारी र स्वास्थ्यकर्मीको क्षमता विकास गरी दक्ष बनाउन विभिन्न तालिम कार्यक्रम संचालन गरिने शर्माको भनाइ छ । चित्लाङ स्वास्थ्यचौकी व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका वडाअध्यक्ष राजकुमार बलामीको अध्यक्षतामा उद्‌घाटन कार्यक्रम भएको हो ।

कार्यक्रममा थाहा नगर उपप्रमुख भरत गोपाली, थाहा नगर पालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत नवीन खालिङ, डोटेरा नेपालका राजेश अधिकारी, सिटिइभिटीका पूर्वसदस्यसचिव डा. रामहरि लामिछाने, वडा नम्बर ६ का अध्यक्ष राजनभक्त श्रेष्ठ, थाहानगर स्वास्थ्य शाखाप्रमुख मेघराज बलामीलगायत राजनीतिक दलका प्रतिनिधि, थाहा नगरभित्रका स्वास्थ्य संस्थाका प्रमुखहरु, डोटेरा चाइनाको अतिथिहरु तथा स्थानीयको उपस्थिति रहेको थियो ।

# ५ लाख भूमिहीनलाई जग्गा उपलब्ध गराइने

साझाकुरा संवाददाता

हेटौंडा, १ जेठ/सरकारले देशभरका ५ लाख भूमिहीनलाई जग्गा उपलब्ध गराउने घोषणा गरेको छ । मंगलवार राष्ट्रपति रामचन्द्र पौडेलले संसदको संयुक्त बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै यस्तो घोषणा गरेका हुन् ।

उनले ५ लाख भूमिहीनलाई आवास सुनिश्चित गर्नेगरी सरकारले काम गर्ने बताए । उनले सरकारले घोषणा गर्दै आएको भू-उपयोग सम्बन्धी नीति बनाउने, तीनै तहका सरकारबीच सहकार्य बढाउँदै भूमिबाट अधिकतम लाभ लिने गरी काम गरिने बताए ।

पौडेलले ३ लाख हेक्टर कृषियोग्य जमिनमा सिंचाई सुविधा पुर्‍याउनेदेखि राष्ट्रिय गौरवका सिंचाईं परियोजना निर्माणमा जोड दिने बताए । उनले सरकारले मालपोत र नापीसम्बन्धी आधारभूत सेवा स्थानीय तहबाटै एकीकृतरुपमा अनलाइनमार्फत् प्राप्त हुने व्यवस्था मिलाइने बताए ।

# तामाङ भाषा संस्कार संस्कृतिसम्बन्धी अभिमुखीकरण



साझाकुरा संवाददाता

हेटौंडा, १ जेठ/तामाङ भाषा संस्कार संस्कृतिसम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम हेटौंडामा सम्पन्न भएको छ । तामाङ पत्रकार संघ मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरको सहयोगमा सोमबार एक दिने अभिमुखीकरण कार्यक्रम भएको हो ।

कार्यक्रममा अधिवक्ता अमृत लामाले बागमती प्रदेशमा नेवा:/तामाङ भाषा कामकाजी भाषाको रुपमा लागू गराउन निकै संघर्ष गर्नुपरेको र तामाङ समुदायको भाषा, संस्कृति, अधिकारसम्बन्धी कानुनी विषयमा प्रष्ट्याएका थिए । प्रशिक्षक भाषाविद् जीवन मोक्तानले इतिहासदेखि वर्तमान अवस्थामा भाषा संस्कार, परम्परागत रुपमा चलिआएको चालचलन र विवाह संस्कार, प्रथा अन्य विविध विषयमा जानकारी गराएका थिए ।

यसैगरी, तामाङ पत्रकार संघ मकवानपुरका संस्थापक अध्यक्ष तथा केन्द्रीय सदस्य आदर्श थोकरले पत्रकारिता क्षेत्रमा विगतमा गरेका संघर्षको अनुभवहरु, वर्तमान अवस्थमा रहेका उदयमान तामाङ पत्रकारले कसरी पत्रकारिता गर्ने, समुदायको हित र राष्ट्रको हितमा कसरी कलम चलाउने लगायत विभिन्न विषयमा प्रशिक्षण दिएका थिए ।

यस्तै, प्रशिक्षक बनस्तम थिङले पत्रकारिता क्षेत्रको हिसाबमा तामाङ पत्रकारले अझै छलाङ मार्नुपर्ने बताए । तामाङ समुदायलाई अगाडि बडाउनको निम्ति र अधिकारको विषयमा कलम चलाउनुपर्ने बताए । कार्यक्रम हेटौंडा-२ का अध्यक्ष एवम् नेवा देय: दबु बागमती प्रदेशअध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यता र तामाङ पत्रकार संघ मकवानपुरका अध्यक्ष जयराम मोक्तानको अध्यक्षतामा भएको हो ।

कार्यक्रममा नेपाल तामाङ घेदुङ मकवानपुरका सचिव किरणमान बल, नेपाल तामाङ घेदुङ मकवानपुरका सल्हाकार सानु लामादोङ, राजकुमार गोले, मकवानपुर तामाङ कलाकार संघका सचिव बिक्रम लुङ्बा र सदस्य हेमकुमार तितुङ लगायत विभिन्न संघ-संस्थाका पदाधिकारीको सहभागिता रहेको थियो ।

# रैथानेबाली प्रवर्द्धनमा जोड

साझाकुरा संवाददाता

हेटौंडा, १ जेठ/ मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले रैथानेबालीको संरक्षण र प्रवर्द्धनमा जोड दिएको छ । हराउँदै गएका कोदो, फापर, जुनेलो जस्ता पौष्टिकयुक्त अन्नबाली उत्पादन गर्न किसानलाई प्रोत्साहन गर्नुकासाथै मूल्यको समेत निश्चितता गरिदिएपछि किसानहरू खुशी भएका छन् ।

पालिकाले चालु आवको चैत समान्तसम्म सहकारी संस्था मार्फत् ८ टन फापर, ७ टन कोदो र एक टन जुनेलो संकलन गरेको छ । विगत ३ वर्षदेखि गाउँपालिकाले कोदो, जुनेलो, धानकोदो र फापरको न्युनतम समर्थन मूल्य तोक्दै आएको छ भने गाउँपालिकाले सहकारीमार्फत् खरिद गराई किसान र सहकारीलाई थप अनुदानसमेत दिँदै आएको गाउँपालिका कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए ।

आर्थिक वर्ष २०७७/७८ देखि नै कोदो र फापरको न्युनतम समर्थन मूल्य तोकेर सहकारीमार्फत् उत्पादन खरिद गर्ने व्यवस्था गरिएको छ । कोदो, फापरसँगै धानकोदो र जुनेलोको पनि समर्थन मूल्य तोकेर खरिदबिक्री भइरहेको



छ । उत्पादन गरेका बालीको राम्रो मूल्य पाउने निश्चितता भएपछि व्यावसायिक रुपमा खेती गर्ने किसान थपिएका छन् ।

गाउँपालिकाले चालु आर्थिक वर्षको लागि कोदो र धानकोदोको मूल्य प्रतिकिलो ५४ रुपैयाँ, जुनेलोको ८४ र फापरको एकसय रुपैयाँ मूल्य तोकेको थियो । न्यूनतम समर्थन मूल्य तोकिएका अन्नबालीमा गाउँपालिकाले थप प्रतिकिलो १० रुपैयाँ अनुदानसमेत दिँदै आएको छ । सो अनुदान र कममध्ये प्रतिकिलो ६ रुपैयाँ किसानले पाउनेछन् भने ४ रुपैयाँ खरिद गर्ने कृषि सहकारीले पाउने गरेका छन् । गाउँपालिकाले चालु वर्ष अन्नबाली खरिद बिक्रीका लागि ५ लाख रुपैयाँ अनुदान छुट्याएको कृषिशाखाले जनाएको छ ।

न्यूनतम समर्थन मूल्य निर्धारण भएपछि गाउँपालिकाले सूचनामार्फत् इच्छुक फर्म र सहकारीलाई आह्वान गर्ने गरेको छ । सोअनुरुप गाउँपालिकामै र हेको दुइवटा सहकारीले बर्सेनि ती उत्पादन खरिद र बिक्री गरिरहेका छन् । अपाङ्ग तथा विपन्न कृषि सहकारी संस्थाले गाउँलेका सबै कोदो खरिद गरी कोदोको पीठोको ब्रान्डिङ गरी बजार पठाउने गरेको छ भने एकता स्वावलम्बन कृषि सहकारीले फापर र जुनेलो खरिद गरी बिक्री गर्ने गरेको छ ।

# बाँसको सामग्री बनाउने तालिम सकियो

साझाकुरा संवाददाता

हेटौंडा, १ जेठ/ मकवानपुरको मकवानपुरगढी गाउँपालिका-२ पौवाडाँडामा बाँसको हस्तकला सामग्री बनाउने एडभान्स सीप विकास तालिम समापन भएको छ ।

मकवानपुरगढी गाउँपालिकाको आयोजनामा गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तगरगत बाँसको हस्तकला बनाउने एडभान्स १६ दिने सीप विकास तालिम सम्पन्न भएको मकवानपुरगढी गाउँपालिका वडा नम्बर २ का वडाअध्यक्ष बखानसिंह पाख्रिनले जानकारी दिए ।

तालिम बैशाख १५ गतेदेखि संचालन भएको थियो । तालिममा १७ जनाको सहभागिता रहेको थियो । जसमध्ये १२ जना महिला र ५ जना पुरुष रहेको मकवानपुरगढी गाउँपालिका कृषि विकासप्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए । तालिममा सहभागीले बाँसका फेन्सी सामग्रीहरु फोटो फ्रेम, कलमदानी, फूलदानी, भित्तेघडी, फाइल बक्स, टि-म्याट, ट्रे, चुरा स्ट्याण्डलगायत सामग्रीहरु बनाउन सिकेका छन् ।

गतवर्ष बाँसका हस्तकला सामग्री बनाउने तालिम लिएकालाई र थप नयाँ सहभागीलाई एडभान्स सीप विकास तालिम दिइएको हो । तालिममा सहभागीले सिकेका सीप व्यवहारमा लागुगर्ने र व्यावसायिक उत्पादनमा लाग्ने प्रतिवद्धता जनाएका छन् । हाल यो समूहले अर्डरअनुसार बाँसको डस्टविन, टि-टेबल, मुढा, तरकारी राख्ने क्रेट, बूकर्‍याक लगायत सामग्री बनाएर बिक्री गरिरहेका छन् ।

बजारीकरणका लागि स्थानीय सरकारलगायत सबै सरोकारवालापक्षलाई सहयोग गरि दिन सहभागीले अनुरोध गरेका छन् । मकवानपुरगढी गाँपालिका वडा नम्बर २ का वडाध्यक्ष पाख्रिनको सभाध्यक्षतामा भएको समापन कार्यक्रममा उपाध्यक्ष मानकुमारी पाख्रिन नेपालीको प्रमुख आतिथ्यता रहेको थियो ।

# मापदण्ड विपरीतका ट्रायल सेन्टरलाई कारबाही गर्न निर्देशन

काठमाडौं, १ जेठ/ राष्ट्रिय सतर्कता केन्द्रले काठमाडौं उपत्यकामा सवारी चालक अनुमति पत्रका लागि चलिरहेका ट्रायल सेन्टरहरुमाथि कारबाही गर्न निर्देशन दिएको छ ।

यातायात व्यवस्था कार्यालयहरु (सवारी चालक अनुमति पत्र), राधेराधे भक्तपुर, ठूलोभर्‍याङ, चाबहिल र एकान्तकुनालाई पत्र लेख्दै केन्द्रले कारबाही गर्न निर्देशन दिएको हो । मापदण्ड कायम नगरी ती ट्रायल सेन्टर नचलाउन निर्देशन दिएको हो ।

प्रदेश सरकारले भाडामा लिएर ट्रायल परीक्षा चलाइरहेको इजी वे ट्रायल सेन्टर राधेराधे भक्तपुर, बुढाथोकी ट्रेडर्स एन्ड ट्रेनिङ स्कुल भक्तपुर, भेहिकल एकेडेमी तथा रिसर्च सेन्टर प्रालि गुर्जुधारा, नेपाल ड्राइभिङ एन्ड रिकन्डिसन सेन्टर प्रालि गोकर्णेश्वर, सुजुकी ड्राइभिङ स्कुल प्रालि एकान्तकुना, सिटी ड्राइभिङ प्रशिक्षण केन्द्रको स्थलगत निरीक्षणपछि राष्ट्रिय सतर्कता केन्द्रले ती ट्रायल सेन्टरहरुले सरकारले तोकेको मापदण्डमा नै पूरा नगरेको भन्दै कारबाही गर्न निर्देशन दिएको हो ।

मनोमानी शुल्क लिएको भन्ने उजुरीका सम्वन्धमा त्यहाँ कार्यालयले सवारी चालक अनुमतिपत्र सम्बन्धी प्रयोगात्मक परीक्षा लिने ट्रायल सेन्टरहरुले सवारी चालक प्रशिक्षण केन्द्र निर्देशिका, २०७४ मा व्यवस्था भएको मापदण्ड पालना नगरेका हुन् ।

काठमाडौं, भक्तपुर र ललितपुरका अधिकांश ट्रायल सेन्टरहरुले निर्देशिकामा भएको व्यवस्था तथा मापदण्ड पालना नगरी ट्रायल सेन्टरहरु सञ्चालन गर्दा धेरै परीक्षार्थीहरु फेल हुने गरेको



केन्द्रको निष्कर्ष छ ।

ट्रायल सेन्टरहरु सञ्चालन गर्दा विधिसम्मत नदेखिएको, ले-आउटको क्रम नमिलेको, स्पीड ब्रेकर टेस्टमा मेटल राखेर स्लोप लामो बनाइएको, ट्राफिक सिग्न टेस्ट निर्देशिकामा तोकिए बमोजिम नभएको, बम्पी टेस्ट अन्तर्गत पीसीसी प्लाटफर्म नभएको भेटिएको केन्द्रले जनाएको छ ।

यस विषयमा बाग्मती प्रदेश सरकारको श्रम तथा यातायात व्यवस्था मन्त्रालय र काठमाडौं उपत्यका स्थित यातायात व्यवस्था कार्यालयहरुसँग राय प्रतिक्रिया माग गरेपनि कुनै जवाफ प्राप्त नभएको सतर्कता केन्द्रका सचिव रामआधार साहले जानकारी दिए ।

कानून तथा निर्देशिकामा स्पष्ट रुपमा तोकिएको व्यवस्था तथा मापदण्ड पालना भएको नदेखिएको हुँदा ट्रायल सेन्टरहरुले बिधिको पालना गरी सवारी चालक प्रशीक्षण केन्द्र संचालन निर्देशिका, २०७४ ले तोकेको मापदण्ड अनुसार ट्रायल सेन्टरहरुको सञ्चालन तथा व्यवस्थापनमा कानूनको अक्षरश: कार्यान्वयन गरेर मात्र प्रयोगात्मक परीक्षाहरु सञ्चालन गर्ने व्यवस्था मिलाउन कार्यालयहरुलाई निर्देशन दिइएको उनले बताए ।

केन्द्रले सचिव स्तरको निर्णय अनुसार भष्ट्राचार निवारण ऐन २०५९ को दफा ३८(छ) बमोजिम दिएको निर्देशनको जानकारी अख्तियार दुरुपयोग अनुसान्धान आयोग, गृह मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बाग्मती प्रदेश, श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय, बाग्मती प्रदेश,श्री यातायात व्यवस्था विभाग, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालयहरु काठमाडौं, भक्तपुर, ललितपुरलाई पनि दिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# रोमानियाको भिसा नेपालबाट नै दिन श्रममन्त्रीको आग्रह

काठमाडौं, १ जेठ/श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल (डीपी) र नेपालका लागि रोमानियाकी राजदूत डेनिएला मारियाना सेजोनोभ टेने बीच भेटवार्ता भएको छ ।

छलफलमा श्रममन्त्री अर्यालले रोमानिया र नेपाल सरकार बीच श्रम सम्बन्धी समझदारी समेत भइसकेको र भिसाका लागि भारत जानु पर्दा नेपालीहरुलाई आर्थिक व्ययभार बढ्न जाने हुँदा नेपालबाट नै रोमानियाको भिसा प्रदान गर्ने व्यवस्था मिलाइ दिन आग्रह गरे ।

श्रम सचिव घनश्याम उपाध्यायले नेपाली सवारी चालक अनुमतिपत्रलाई रोमानिया सरकारले समेत मान्यता दिन अनुरोध गर्दै रोमानियामा माग हुने रोजगारका क्षेत्रहरु अनुकूल हुने गरी नेपाली श्रमिकको सीप विकासका लागि सहकार्य गर्न आग्रह गरे । राजदूत सेजोनोभले रोमानिया रोजगारदाताले नेपाली श्रमिकलाई रुचाएको र रोमानिया सरकारले पनि सहज र सरल प्रक्रियाबाट नेपाली श्रमिक भित्र्याउन चाहेको बताइन् ।


## एक विद्यालय एक नर्स कार्यक्रम सम्बन्धी जानकारी

विद्यालय तहमा नै विद्यार्थीहरुको समग्र स्वास्थ्य, सरसफाई, पोषण, मानसिक स्वास्थ्य, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य प्रवर्द्धन गर्न तथा सरुवा र नसर्ने रोग रोकथामबारे जानकारी गराई स्वस्थ जीवनयापन अपनाउन उत्प्रेरित गर्न बागमती प्रदेश सरकारले नमूना स्वास्थ्य प्रवर्द्धन कार्यक्रमको रुपमा एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गरेको छ ।

विद्यार्थीहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउन यस कार्यक्रमको उद्देश्य यस प्रकार छन् ।

- विद्यालयमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्ने,
- विद्यार्थीहरुलाई पोषिलो खाना तथा सरसफाईबारे जानकारी गराउने र प्रोत्साहित गर्ने,
- विद्यालयमा पत्रु खाना (Junk Food) निरुत्साहित गर्ने,
- यौन तथा प्रजनन्, मानसिक, मुख तथा दाँत र आँखाको स्वास्थ्य जस्ता विषयमा स्वास्थ्य परीक्षण गर्ने र परामर्श सेवा प्रदान गर्ने,
- विद्यालय नर्स तथा विद्यार्थी मार्फत परिवार एवं समुदायलाई स्वस्थ बनाउन सचेतना जगाउने,
- विद्यार्थी, शिक्षक, कर्मचारी, परिवार एवं समुदायलाई स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्ने,
- सर्ने तथा नसर्ने रोगहरुको रोकथामका लागि विद्यार्थीहरुको सहभागितामा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
- विद्यालय स्वास्थ्यका अन्य क्रियाकलापहरु कार्यान्वयन गर्ने

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल



हेटौंडामै उत्पादित

## सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना